का.जि.प्र.का.द.नं. १००/०५९/६०
४ कात्तिक २०७९,
शुक्रबार
21 October 2022,
Friday
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २०, अंक २५० । पृष्ठ १६ | Madhyanha National Daily | www.madhyanhadaily.com




# वीरमा कमजोरी शिरमा विश्वास

वीरको युरोलोजी विभागका प्रमुख डा. रविन बस्नेत मिर्गौला प्रत्यारोपणका क्रममा कहिलेकाँही यस्ता समस्या हुनु प्राविधिक कुरा भएको बताउँछन् । तथापि, छानविनका लागि सात सदस्यीय समिति गठन भएको छ ।

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ३ कात्तिक

प्रत्यारोपण गर्न नमिल्ने मृगौला दाताबाट झिक्ने जस्तो वीर अस्पतालको कमजोरी बाहिर आएको छ । चिकित्सकहरूका अनुसार प्रत्यारोपण गर्न सबै जाँच गरेर दाताको मिर्गौला निकालिएको भए पनि प्रत्यारोपण गर्नुभन्दा अगाडिको चेकजाँचमा मिर्गौला राम्रो नदेखिएपछि समस्या भएको हो । धादिङकी ३२ वर्षीया एक महिलाको मिर्गौला प्रत्यारोपणको तयारी गरिएको भए पनि प्रत्यारोपणका लागि अयोग्य भएपछि कतिपयले चिकित्सकमाथि नै विश्वासको प्रश्न उठाएका छन् । चिकित्सकहरुका अनुसार ती महिलालाई उनकी ५८ वर्षीया सासुले मिर्गौला दिने तयारी गरेकी थिइन् । मिर्गौला प्रत्यारोपणको तयारी सर्जन डा. पारसमणि नेपाल र सर्जन डा. अनिल श्रेष्ठले गरेका थिए । तर, प्रत्यारोपण गर्नुभन्दा अगाडिको चेकजाँचमा मिर्गौला राम्रो नदेखिएकोले प्रत्यारोपणको कार्य गर्न नसकिएको अस्पतालका निमित्त प्रमुख डा. भुपेन्द्र बस्नेतले जानकारी दिए ।

प्रत्यारोपण गर्न सबै जाँच गरेर दाताको मिर्गौला निकालिएको तर, प्रत्यारोपण गर्नुभन्दा अगाडिको चेकजाँचमा मिर्गौला राम्रो नदेखिनुका पछाडिको कारण खोजी गर्न अस्पतालले सर्जरी विभागका चिकित्सक डा.प्रविण श्रेष्ठको संयोजकत्वमा सात सदस्यीय समिति गठन पनि गरेको छ । वीरको युरोलोजी विभागका प्रमुख डा. रविन बस्नेतले मिर्गौला प्रत्यारोपणका क्रममा कहिलेकाँही यस्ता समस्या हुनु प्राविधिक कुरा भएको बताए । मिर्गौला प्रत्यारोपणका लागि दाताको शरीरबाट मिर्गौला झिकिसकेपछि चिकित्सकले प्रत्यारोपण नगरी छाडेर हिँडेको घटनाका सम्बन्धमा छानविन गर्न अस्पतालले छानबिन समिति गठन गरेको हो ।

सिनियर सर्जन डा. प्रवीण श्रेष्ठको संयोजकत्वमा गठित छानबिन समितिमा अस्पतालका मेडिसिन विभागका प्रमुख डा. अशेष ढुंगाना, रेडियोलजी विभागका प्रमुख डा. सरोज शर्मा, सिटिभिएस विभागका प्रमुख डा. दिनेश चापागाईं, एनेस्थेसिया विभागकी डा.ऋतु प्रधान, प्रमुख नर्सिङ प्रशासक संगीता श्रेष्ठ र शाखा

– बाँकी पृष्ठ २ मा



अपूर्व क्षितिजमाथि राज्यले गरेको व्यवहारलाई लिएर कतिपयले एक व्यक्तिले क्षमा मागिसकेको अभिव्यक्तिको कसूरमाथि समेत सिंगो राज्य संयन्त्र कतिसम्म अनुदार बन्नसक्छ भन्ने देखाएको टिप्पणी गरेका छन् ।

# छुटे अपूर्व सहे ज्यादती

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, ३ कात्तिक

स्ट्यान्डअप कमेडीका क्रममा नेवाः समुदायमाथि होच्याउने गरी विषयवस्तु प्रसारण गरेको विषयलाई लिएर कमेडियन अपूर्व क्षितिज सिंह पटकपटक पक्राउ परेपछि आलोचना चुलिएको छ । उनले आफ्नो गल्ती स्वीकारेर युट्युबबाट भिडियो हटाई माफी माग्दा समेत प्रहरीले पटकपटक पक्राउ गरेको भन्दै सामाजिक सञ्जालमा समेत उक्त कदमको आलोचना भएको हो ।

राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) का वरिष्ठ उपाध्यक्ष रविन्द्र मिश्रले पनि कमेडियन क्षितिजमाथि प्रहरीले ज्यादती गरेको टिप्पणी गरेका थिए । 'अति नगरौं! जातीय भावना/सद्भाव कसरी कमजोर हुँदैछ भन्ने कुराको ज्वलन्त उदाहरण हो, स्ट्यान्डअप कमेडियन अपूर्व क्षितिजको घटना हो,' उनले भने । जातीय विद्वेष फैलाउने, सद्भाव बिखण्डित पार्नेहरू समाजमा खुलेआम घुम्दा समेत कारवाही गर्न नसक्ने प्रहरीले क्षितीजमाथि पटकपटक पूर्वाग्रह राख्नु उचित नहुने उनको भनाई छ ।

उनका समर्थकले मात्रै होईन, सरकारी वकिल समेत उनलाई पटक पटक थुन्नु आवश्यक नरहेको बताउँछन् । 'हाजिर जमानी छाडेको व्यक्ति बोलाएका बेला आउँछ भने हिरासतमै राख्न जरूरी हुँदैन,' ती वकिलले भने, 'कानुनले पनि हाजिर जमानीमा छाड्न सक्ने भनेको

– बाँकी पृष्ठ २ मा

# ३५ उम्मेदवारलाई कारबाहीको तयारी

आचारसंहिता बढी नै उल्लंघन गर्ने उम्मेदवारहरुको कसुर प्रवृत्तिको गहन मूल्यांकन र विश्लेषण गर्दा कारबाहीको भागिदार बन्ने देखिएको निर्वाचन आयोगका अधिकारीहरू बताउँछन् ।

“आचारसंहिता उलंघनको आरोप लागेका र निर्वाचन आयोगले पत्र काटेर अनुसन्धान अगाडि बढाउन आग्रह गरेका कुनै पनि व्यक्तिलाई पक्राउ गर्ने वा नगर्ने भन्ने प्रहरीको स्वविवेकको विषय भयो । तर, निर्वाचन आयोगको पत्र पाएपछि प्रहरीले अनुसन्धान अघि बढाउनुपर्छ ।

■ **गुरू वाग्ले**
**उपन्यायाधिवक्ता, निर्वाचन आयोग**

**शिवराज परियार/मध्यान्ह**
काठमाडौं, ३ कात्तिक

प्रदेशसभा र प्रतिनिधिसभा सदस्यका ३५ जना उम्मेदवारहरुविरुद्ध निर्वाचन आयोगमा परेको परेको उजुरी अगाडि बढेको छ । मंसिर ४ गते हुने निर्वाचनका लागि उम्मेदवारी दिएका ३५ जना उम्मेदवारहरुले निर्वाचन आचारसंहिता उल्लंघन गरेको पाइएको भन्दै आयोगले कारबाहीको प्रक्रिया अघि बढाउन लागेको जानकारी दिएको छ ।

निर्वाचन आयोगका निर्वाचन आयुक्त रामप्रसाद भण्डारी धेरै ठाउँमा आचारसंहिता उल्लंघन भएको उजुरी परेको तर, ३५ जना उम्मेदवारले आचारसंहिता बढी नै उल्लंघन गरेको पाइएको बताउँछन् । आचारसंहिता उल्लंघन गर्ने उम्मेदवारहरुको

– बाँकी पृष्ठ २ मा

**चुनावी प्रचारमा सीमा**

## आम सभामा १० वटा मात्रै झण्डा !

निर्वाचन आयोगले चुनावी प्रचारमा प्रचार सामग्रीको सीमा तोकेको छ । आयोगका अनुसार जुलुस, आमसभा, कोणसभा वा घरदैलो कार्यक्रममा ३/४ फिटको दश/दश वटासम्म झण्डा र चुनाव चिह्न प्रयोग गर्न पाइनेछ । बिहीबार राजनीतिक दल, उम्मेदवार, भातृ संगठन, तथा सम्बन्धित व्यक्तिको ध्यानाकर्षण गर्दै आयोगले निर्वाचन आयोगले चुनावी प्रचारमा प्रचार सामग्रीको सीमा सार्वजनिक गरेको हो ।


साथसाथै, उम्मेदवार वा दलको कार्यालयमा साइनबोर्ड तथा कपडामा बनाइएको ३/४ फिटको दलको झण्डा र सोही नापको चुनाव चिह्न राख्न बाहेक अन्य प्रचारप्रसारका सामग्री राख्न नपाइने पनि आयोगले स्पष्ट पारेको छ ।

चुनाव प्रचार प्रसार गर्दा ७५ ग्रामसम्मको कागजमा ३०० वर्ग

– बाँकी पृष्ठ २ मा

निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

प्रतिनिधि सभा सदस्य
तथा
प्रदेश सभा सदस्य निर्वाचन, २०७९



निर्वाचन मिति:
२०७९ मंसिर ४ गते, आइतबार
मतदान समय:
बिहान ७ बजेदेखि अपरान्ह ५ बजेसम्म

**वैदेशिक रोजगार विशेष**

## 'फ्रि भिसा-फ्रि टिकट' माग्ने व्यवसायी, पठाउने नेता !

**मध्यान्ह संवाददाता**
काठमाडौं, ३ कात्तिक

वैदेशिक रोजगार व्यवसायीहरुले अव्यवहारिक भन्दै निरन्तर खारेजी र परिवर्तनको माग गरेको फ्रि-भिसा र फ्रि-टिकटको निर्णय प्रमुख राजनीतिक दल तथा निर्वाचन आयोगबीच चुनावी मुद्दा बन्न पुगेको छ । व्यवसायीहरुले निर्णय भएदेखि नै अव्यवहारिक भन्दै खारेजी र संशोधनको माग गरेर थाक्दा फ्रि-भिसा र फ्रि-टिकटको प्रमुख दलहरुले चुनावमा विपक्षीले कुप्रचार गरेर भोट काट्ने डरले कुनै निर्णय नगरी पन्छाउँदै आएका छन् ।

तर गत वैशाखमा सम्पन्न स्थानीय निर्वाचनपछि फ्रि-भिसा फ्रि-टिकटको विषय बेरोजगार युवाको मत तान्ने आकर्षक 'राजनीतिक चिप्स' बनेको छ । निर्वाचनको क्रममा प्रधानमन्त्री तथा नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा, प्रधानमन्त्री देउवा पत्नी आरजु राणा देउवा, पूर्वप्रधानमन्त्री एवं नेकपा एमाले अध्यक्ष केपी शर्मा ओली, पूर्वप्रधानमन्त्री एवं नेकपा एकीकृत समाजवादी पार्टीका अध्यक्ष माधवकुमार नेपाल र निवर्तमान श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री कृष्णकुमार श्रेष्ठ यस विषयमा जोडिएर चर्चामा छन् ।

फ्रि-भिसा फ्रि-टिकटमा युवाहरुलाई वैदेशिक रोजगारमा पठाउने सार्वजनिक अभिव्यक्ति दिएपछि निर्वाचन आयोगले पूर्वमन्त्री श्रेष्ठलाई २४ घण्टे स्पष्टिकरण माग गरेको छ । यस्तै आयोगले पूर्वप्रधानमन्त्री

– बाँकी पृष्ठ २ मा

KUWAIT मा पुरुष तथा महिलाहरुलाई रोजगारको अवसर

१. कम्पनी: BEATOUNA RECYCLING COMPANY K.S.C (CLOSED) शहर: KUWAIT
पूर्व स्वीकृत मिति: २०७९/०७/०३ चलानी नं.: ६०१८९७९५ LT. No.: 274148

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Helper (Factory Workers) | 100 | 0 | स. काममा दक्ष | 85 | ३६,३०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी: MISK LOUNGE CO. शहर: KUWAIT
पूर्व स्वीकृत मिति: २०७९/०७/०३ चलानी नं.: ६०१८९७९४ LT. No.: 274147

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner / Steward (Kitchen) | 15 | 0 | सम्बन्धित काममा दक्ष | 90 | ३८,४४१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Cleaners (Restaurant) | 0 | 3 | | 90 | ३८,४४१ | | | | | | | |
| 3. | Commis / Asst. Cook | 6 | 0 | | 120 | ५१,२५४ | | | | | | | |
| 4. | Waiter | 20 | 0 | | 120 | ५१,२५४ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ कार्तिक ११ देखि १९ गते सम्म (28 October to 5 November 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |


बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

Govt Lic. NO. 647/063/064
SHARON MANPOWER SERVICES PVT. LTD.
P.O. Box : 10443, Maharajgunj-04, Kathmandu, Kapan Marg
Phone : 01-4370457, 43770530, URL: www.sharonmanpower.com
Email: sharonhrsolution@gmail.com, Info@sharonmanpower.com

## निर्वाचनमा सामाजिक सञ्जाल

# प्रयोगमा सहज, अनुगमन जटिलता

**काठमाडौं/मस–** सूचना र सञ्चार प्रविधिको व्यापकतासँगै सामाजिक सञ्जालको प्रयोग बढ्दो छ तर निर्वाचनका समयमा हुनसक्ने सम्भावित मिथ्या सूचना, दुष्प्रचार र द्वेषपूर्ण अभिव्यक्तिको नियमन चुनौतीपूर्ण देखिएको छ । आगामी मंसिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा सदस्यको निर्वाचनका क्रममा सामाजिक सञ्जालबाट हुनसक्ने आचारसंहिताको उलङ्घन रोक्न निर्वाचन आयोगले नीतिगत र संरचनागतरुपमा प्रबन्ध गरे पनि आयोगको एक्लो प्रयासबाट नियमन कार्य सार्थक हुनसक्ने छैन । आयोगमा रहेको संयन्त्रले आन्तरिक प्रयोजनका लागि सञ्चारमाध्यममा प्रकाशित तथा सामाजिक सञ्जालबाट प्रवाह हुनसक्ने मिथ्या सूचना, दुष्प्रचार र द्वेषपूर्ण अभिव्यक्ति जाँचबुझ तथा अनुगमन गर्दा निर्वाचन आचारसंहिता उल्लङ्घन गरेको पाइएमा प्रचलित कानुनबमोजिम गर्न आयोगले प्रेस काउन्सिल नेपाललाई गत असोज २८ गते लेखी पठाएको छ ।




निर्वाचनको व्यवस्थापन र सञ्चालनका लागि आयोगले सामाजिक सञ्जालको प्रयोग सम्बन्धी नीति, २०७७ अवलम्बन गरेको छ । नेपालको सन्दर्भमा सामाजिक सञ्जालको प्रयोगसम्बन्धी नीतिगत व्यवस्था गर्ने आयोग नै पहिलो सार्वजनिक निकाय हो । सोहीबमोजिम सामाजिक सञ्जालको उपयोगद्वारा निर्वाचनसम्बन्धी तथ्यहीन, गलत, भ्रामक र अनुमानित निर्वाचन आचारसंहिता विपरीत सूचना वा जानकारी सम्प्रेषण तथा राष्ट्रिय तथा अन्तर ाष्ट्रियस्तरबाट हुनसक्ने सम्भावित मिथ्या सूचना, दुष्प्रचार, सूचना तोडमोड र द्वेषपूर्ण अभिव्यक्तिको नियमनद्वारा निर्वाचनको विश्वसनीयता र निष्पक्षता जोगाउन आयोगले आग्रह गर्दै आएको छ । मिथ्या सूचना, दुष्प्रचार र द्वेषपूर्ण अभिव्यक्तिलाई पहिलोपटक निर्वाचन आचारसंहितामा परिभाषित पनि गरिएको छ ।

काउन्सिलले आफ्नो कार्यक्षेत्र र जिम्मेवारीअनुसार सञ्चारमाध्यमका सामग्रीमाथि अनुगमन प्रारम्भ गरिसकेको तर सामाजिक सञ्जालमा खासगरी व्यक्ति विशेषका अभिव्यक्तिमाथि अनुगमन गर्ने काउन्सिलको कार्यक्षेत्र होइन । आयोगले सञ्चार तथा सूचना प्रविधिसम्बन्धी निकायका प्रतिनिधि, विज्ञ र नेपाल प्रहरीको साइबर ब्युरोसमेतका प्रतिनिधि राखेर प्रेस अफिसमार्फत सामाजिक सञ्जालको अनुगमन गरिरहेको छ। यसप्रति अभिव्यक्ति स्वतन्त्रतामाथि नियन्त्रण गर्न खोजिएको भनेर पत्रकारिता क्षेत्रका संस्थाहरूले असन्तुष्टि जनाए । आयोगको कार्यालयमा बिहीबार प्रमुख आयुक्त दिनेशकुमार थपलियालसँग यीलगायतका विषयमा नेपाल पत्रकार महासङ्घका अध्यक्ष विपुल पोखरेलसहितको टोलीले छलफल गरेपछि यस बारेका फरकफरक बुझाइमा एकरुपता आउन सघाएको देखिएको छ ।

निर्वाचन आचारसंहिता २०७९ ले मिथ्या सूचना, दुष्प्रचार र द्वेषपूर्ण अभिव्यक्तिको सामना गर्न केही नयाँ व्यवस्था गरेको छ । आचारसंहितामा केबुल टेलिभिजन नेटवर्क र इन्टरनेट सेवा प्रदायक संस्थालाई यसको नियन्त्रण गर्न जिम्मेवार बनाइएको छ। सीमा बाहिरबाट नेपालको निर्वाचनलाई प्रभावित पार्नसक्ने सम्भावनालाई मध्यनजर गरी नियन्त्रण र नियमनको उपयुक्त व्यवस्था मिलाइएको छ । आयोगले सामाजिक सञ्जालका कम्पनीहरूसँग सहकार्य प्रारम्भ गरेको छ।

निर्वाचनलाई स्वच्छ, निष्पक्ष, स्वतन्त्र एवं विश्वसनीय तुल्याउने आयोगको प्रयासका लागि आयोगले पत्रकार आचारसंहिता, २०७३ को दफा ९ (१) मा रहेको प्रेस काउन्सिलले जारी गरेको पत्रकार आचारसंहिताको अनुकूल हुने गरी प्रत्येक सञ्चारमाध्यमले आफ्ना लागि आचारसंहिता बनाई सोको स्वनियमन र स्वमूल्याङ्कन गर्ने छन् भन्ने व्यवस्था बमोजिम सञ्चारमाध्यम तथा सञ्चारकर्मीले निर्वाचनको समयमा पालना गर्नुपर्ने आचरणको पालनाका सम्बन्धमा आयोगले स्पष्ट पार्दै आएको छ। आयोगले सम्बन्धित सञ्चारमाध्यम स्वयंले स्वनियमनसम्बन्धी कार्यविधि बनाई लागू गर्न सबै सञ्चारमाध्यमलाई आह्वान गर्ने र सोका लागि आवश्यक व्यवस्था गर्न गराउन काउन्सिललाई पत्राचार गरिसकेको छ ।

निर्वाचन आयोगका प्रमुख आयुक्त दिनेशकुमार थपलियाले सामाजिक सञ्जाल फेसबुकको मातृ संस्था मेटासँगको सहकार्यमा बिहीबार आयोजित सञ्चारकर्मीहरूको तालिमलाई सम्बोधन गर्दै भने, 'निर्वाचन पद, पैसा र पहुँचले प्रभावित हुनुहुँदैन, निष्ठा विचार र सिद्धान्तबाट निर्देशित हुनुपर्छ भन्ने मान्यता स्थापित गरौं । निर्वाचनको स्वच्छताका लागि सामाजिक सञ्जालको व्यवस्थित उपयोग गरौं ।'

उनले मिथ्या सूचना, दुष्प्रचार र द्वेषपूर्ण अभिव्यक्तिको यो लडाइँमा औपचारिक मूलधारको सञ्चारमाध्यमको भूमिका अत्यन्तै महत्वपूर्ण भएकाले आयोगले सञ्चारमाध्यमहरूको सहकार्यलाई उच्च प्राथमिकतामा राखेको बताउँदै सामाजिक सञ्जाल उपयोगकर्ताको वृद्धिसँगै बढ्दै गएको दुरूपयोग, यसबाट हुने साइबर अपराधको नियन्त्रण र नियमन गरी निर्वाचनमा डिजिटल माध्यमबाट हुनसक्ने सम्भावित बाह्य तथा आन्तरिक हस्तक्षेप रोक्न सफलता प्राप्त हुने विश्वास व्यक्त गरे।

## वीरमा...

अधिकृत सीताराम खड्का छन् ।

समितिलाई छानबिन गरी प्रतिवेदन पेस गर्न दुई साताको समय दिइएको छ । 'मिर्गौला प्रत्यारोपणका क्रममा गल्ती गरेको, दाताको मिर्गौला झिकेर चिकित्सकले छाडेर हिँडेको भन्दै हामीलाई बिरामीका आफन्तले उजुरी गर्नुभएको छ। हामीले पनि छानबिन समिति गठन गरेका छौँ, अब के कहाँ गल्ती भएको भन्ने कुरा छानबिन प्रतिवेदनपछि थाहा हुन्छ' विभागका प्रमुख डा. रविन बस्नेतले भने । उनले बिरामीले लगाएका कतिपय आरोपहरू गलत समेत रहेको र बिरामीको उपचार निःशुल्क गर्ने या नगर्ने भन्ने कुरा प्रतिवेदनले गरेको निर्णय गरेर अनुसार हुने पनि जानकारी दिए ।

अस्पतालका प्रत्यारोपण सर्जन डा. पारसमणि नेपाल र डा. अनिल श्रेष्ठले धादिङकी ती महिलाको गत मंगलबार मिर्गौला प्रत्यारोपणको तयारी गरेका थिए । उनलाई मिर्गौला दिन तयार भएपछि उनकै सासुको सबै परीक्षण गरियो र मिर्गौला निकालिएको थियो । तर, मिर्गौला झिकेपछि भने बिरामीलाई मिर्गौला प्रत्यारोपण गर्न नमिल्ने भन्दै प्रत्यारोपणमा संलग्न सर्जन नेपाल र श्रेष्ठ बिरामी तथा बिरामीका आफन्तलाई कुनै जानकारी नै नदिई हिँडेका थिए। चिकित्सकले छोडेर गएपछि बिरामीका आफन्तहरू निर्देशक बस्नेतको कक्षमा पुगेका थिए। त्यसपछि यो विषय बाहिर आएको हो।

## छुटे ...

छ । अपूर्वलाई भने प्रहरीले एक दिन भए पनि हिरासतमा राख्ने नियत राखेको देखिन्छ' महान्यायाधिवक्ता कार्यालयका प्रवक्ता सञ्जीव रेग्मीले भने। उनले पूर्वाग्रहपूर्ण ढंगले उनलाई पुन हिरासत पुर्याएको बताएका छन्। यद्यपि, उनलाई बिहीवार नै काठमाडौं जिल्ला अदालतले साढे २ लाख धरौटीमा रिहा गर्न आदेश दिएपछि उनी धरौटीमा छुटेका छन् ।

कमेडियन क्षितिज विरूद्ध मुलुकी अपराध संहिता २०७४ परिच्छेद-१० भेदभाव तथा अन्य अपमानजन्य व्यवहारसम्बन्धी कसुरको दफा १६५, सामाजिक रीतिस्थितिमा खलल पार्न नहुने कसुर, दफा ६५ सार्वजनिक शान्ति खलल पार्न नहुने, दफा १६६ जातपातका आधारमा छुवाछुत वा अन्य भेदभावपूर्ण व्यवहार गर्न नहुने र दफा १६८ को अपमानजनक वा अमावनीय व्यवहार गर्न नहुने कसुरमा पनि जाहेरी नेवा अभियन्ताले जाहेरी दर्ता गराएका थिए । दफा ६५ को उपदफा (१) बमोजिम कसुर गर्नेलाई एक वर्षसम्म कैद र १० हजारसम्म जरिवाना हुने व्यवस्था छ भने दफा १६५को उपदफा (२) बमोजिम कसूर गर्नेलाई एक वर्षसम्म कैद वा १० हजारसम्म वा दुबै सजाय हुनसक्ने कानूनी व्यवस्था रहेको छ। त्यस्तै, दफा १६६ को उपदफा (२) ३ वर्षसम्म कैद वा ३० हजार रुपैयाँसम्म जरिवाना वा दुबै हुनसक्ने व्यवस्था छ। दफा १६८ को उपदफा (२)मा कसूर गर्नेलाई पाँच वर्षसम्म कैद र ५० हजार सम्म जरिवाना हुने प्रावधान छ ।

अपूर्व क्षितिजमाथि राज्यले गरेको व्यवहारलाई लिएर कतिपयले एक व्यक्तिले क्षमा समेत मागिसकेको अभिव्यक्तिको कसूर माथि समेत सिंगो राज्य संयन्त्र कतिसम्म अनुदार बन्नसक्छ भन्ने देखाएको टिप्पणी गर्छन । सँगै यो कति गम्भीर मुद्दा हो र उनलाई पुनः पक्राउ गरिएको हो भनेर अनुसन्धान अधिकृतलाई सोध्ने आवश्यकता अदालत र सरकारी वकिलले पनि ठानेनन् । यसले त जस्तोसुकै अभियोगमा पक्राउ परेको भए पनि अभियुक्तलाई २४ दिन 'हिरासतको हावा खुवाउने' प्रहरीको अभिलाषा मात्रै पूरा भएको देखिन्छ । राज्यका अनुसन्धान निकायले कुनै व्यक्ति वा संस्थाबाट गल्ती नियतवश भएको हो कि अञ्जानवश भनेर पनि हेर्न सक्नुपर्छ । विधिशास्त्रले पनि यस्तो मान्यता राख्छ । अभिव्यक्तिमा भएको कमजोरी सुधार्ने तरिका भनेको व्यक्तिको बोल्न पाउने अधिकार माथि प्रतिबन्ध होइन । यसले त राज्य शक्तिको दुरुपयोग गर्दै एकजना अपूर्वलाई तर्साएर हजारौंको आलोचनात्मक चेतमाथि डण्डा चलाउन खोजिएको हो भने त्यो अभिव्यक्ति स्वतन्त्रता कुण्ठित गर्ने र तर्साउने प्रपञ्च मानिनेछ ।

अपूर्वमाथि कठोर कानुनी उपचार खोजिनुको अर्थ नेपाली समाजको सामाजिक सहिष्णुताप्रति बेवास्ता गरिनु पनि हो। न्याय यस्तो कानुनी प्रक्रिया हो जहाँ गल्ती गर्नेलाई दण्डित गरेर न्याय दिइन्छ । आफूले गरेको कुनै कामको सजायको रूपमा कसैलाई हानि वा चोट पुऱ्याउने कार्य बदला वा प्रतिशोध हो। न्यायले गल्ती सच्याउने लक्ष्य राख्छ। न्यायले दुवै पक्षलाई नजिक ल्याउँछ र गल्तीलाई सच्याउँछ । राज्यले कुनै पनि व्यक्ति वा समुदायलाई न्यायको विकल्प बन्द गरेर प्रतिशोधको बाटो देखाउनुहुँदैन । जे जस्तो भए पनि प्रहरीले पटक-पटक पक्राउ गरेर दुख दिँदा पनि सहन बाध्य भएका अपूर्व अन्तत धरौटीमा छुटेका छन् ।

## ३५ उम्मेदवारलाई ...

कसुर प्रवृत्तिको गहन मूल्यांकन र विश्लेषण गर्दा कारबाहीको भागिदार बन्ने देखिएको पनि उनको भनाइ छ ।

आचारसंहिता धेरै उल्लंघन हुने समय कात्तिक १८ देखि मंसिर २ भएकाले आफूले बनाएका नीति नियमको पूर्ण पालना र कार्यान्वयन गर्न उम्मेदवार हरुलाई आयुक्त भण्डारीले आग्रह गरे । निर्वाचन आचारसंहिता अहिले पनि विभिन्न तरिकाबाट उल्लंघन भइरहेको भन्दै उनी निर्वाचन आचारसंहिता उल्लंघन गर्ने जोकोही उम्मेदवार कारबाही पर्ने चेतावनी दिन्छन्। ऐन, कानुन बनाउनेहरुले नै आचारसंहिताको उल्लंघन गर्न नपाइने उल्लेख गर्दै अहिले पनि विभिन्न दलहरुले अगुवा कार्यकर्ता भेला, प्रशिक्षण लगायतका आचारसंहिताको उल्लंघन गरिरहेको बताउँछन् ।

बिहीबार मात्रै निर्वाचन आयोगले नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाललाई आचारसंहिता उल्लघंन गरेको भन्दै २४ घण्टे स्पष्टीकरण सोधेको छ । रौतहटमा भएको एक कार्यक्रममा अध्यक्ष नेपालले चुनाव जिते युवाहरूलाई वैदेशिक रोजगारीमा पठाउने आश्वासन दिएका थिए। अध्यक्ष नेपालको उक्त भाषणको भिडियो सामाजिक सञ्जालहरूमा भाइरल भएको छ। उक्त भिडियोलाई आधार बनाएर आयोगले नेता नेपालसँग स्पष्टीकरण सोधेको हो ।

'आयोगबाट गठित सामाजिक सञ्जाल अनुगमन टोलीबाट अध्ययन तथा परीक्षण गर्दा तपाईं होइन भन्न सकिने कुनै आधार कारण नदेखिएकोले उक्त विषयप्रति आयोगको गम्भीर ध्यानाकर्षण भइ यो पत्र लेख्ने कार्य भएको छ,' आयोगले नेता नेपाललाई लेखेको पत्रमा भनिएको छ। नेता नेपाललाई आफैं वा प्रतिनिधिमार्फत स्पष्टीकरण पेश गर्ने सुविधा दिइएको छ । 'तपाईंलाई कुनै माध्यमबाट प्राप्त भएको २४ घण्टाभित्र निर्वाचन आयोग वा तपाईं उम्मेदवार रहेको जिल्लाको जिल्ला निर्वाचन कार्यलयमा स्पष्टीकरण पेश गर्नुहुन जानकारी गराइन्छ' पत्रमा उल्लेख छ ।

साथसाथै, आयोगले नेता नेपाललाई कारबाहीका लागि जिल्ला प्रहरी कार्यालय रौतहटलाई पनि अनुरोध गरिएको छ ।

निर्वाचन आयोगका सहायक प्रवक्ता एवं उपन्यायाधिवक्ता गुरु वाग्लेका अनुसार, अब जिल्ला प्रहरी कार्यालय रौतहटले कारबाही प्रक्रिया सुरु गर्नुपर्ने हुन्छ । 'आरोप लागेका कुनैपनि व्यक्तिलाई पक्राउ गर्ने वा नगर्ने भन्ने प्रहरीको स्वविवेकको विषय भयो' वाग्ले भन्छन्, 'तर निर्वाचन आयोगको पत्र पाएपछि प्रहरीले अनुसन्धान अघि बढाउनुपर्छ ।'

तर, आयोगले गरेको पत्र अनुसार कारबाही भए दुई वर्षसम्म कैद, एक लाख रुपैयाँ जरिवानाको सजाय व्यवस्था भएकाले पूर्वप्रधानमन्त्री समेत रहेका माधव नेपाल पक्राउ पर्ने सम्भावना कम छ । पक्राउ गर्नुपर्ने भएमा प्रहरीले उनीविरुद्ध जिल्ला अदालतबाट पक्राउ अनुमतिपत्र लिनुपर्छ ।

## चुनावी...

इञ्चसम्म क्षेत्रफल भएको एउटै आकारको रङ र मुद्रकको नामसहितको पर्चा मात्र प्रयोग गर्नुपर्ने पनि आयोगको बताएको छ। साथसाथै, निर्वाचन आयोगले चुनावी प्रचार प्रसारमा बालबालिकालाई सहभागी नगराउन पनि आग्रह गरेको छ ।

राजनीतिक दल, उम्मेदवार, भातृ संगठन, तथा सम्बन्धित व्यक्तिले जुलुस, आमसभा, कोण सभा वा भेला गर्दा पालना गर्नुपर्ने विषयहरु सार्वजनिक गर्दै आयोगले भनेको छ, ' बाजागाजा तथा झाँकीसहित जान नहुने, यस्ता कार्यक्रममा बालबालिकाको प्रयोग गर्न नहुने ।' बिहान सात बजेदेखि साँझ सात बजेसम्म मात्र जुलुस, आमसभा, कोण सभा वा भेला गर्न र कम्तीमा चौबिस घण्टा अगावै स्थानीय प्रशासन र प्रहरीलाई मिति, समय, मार्ग र स्थानको बारेमा जानकारी गराउन आयोगले भनेको छ ।

घरदैलोमा जाँदा उम्मेदवारले पच्चीस जनाभन्दा बढीको जुलुस लिएर जान नहुने भनेर पनि आयोगले स्मरण गराएको छ ।

## फ्रि भिसा...

नेपालले मतदातालाई प्रलोभनमा पारेर निर्वाचन कसुर गरेको हुन सक्ने भन्दै अनुसन्धान अघि बढाउन जिल्ला प्रहरी कार्यालय रौतहटलाई बिहीबार पत्र समेत पठाएको छ ।

रौतहट क्षेत्र नम्बर १ मा प्रतिनिधिसभा सदस्यका उम्मेदवार नेपालले असोज ३० गते एक चुनावी कार्यक्रममा आफूले चुनाव जिते फ्रि-भिसा फ्रि-टिकटमा वैदेशिक रोजगारीमा पठाउने आश्वासन दिएका थिए । उक्त भिडियो सामाजिक सञ्जालमा सार्वजनिक भएपछि आयोगले अनुसन्धान गरेर कारबाही अगाडि बढाउन जिल्ला प्रहरी कार्यालय रौतहटलाई पत्र लेखेको हो ।

निर्वाचन कसुर तथा सजायसम्बन्धी ऐन-२०७३ को दफा २० (१) (च) मा कुनै उम्मेदवार वा प्रतिनिधिले कुनै लोभलालच वा आर्थिक प्रलोभन देखाउन नपाउने व्यवस्था छ। यसो गरेमा एक लाखसम्म जरिवाना वा दुई वर्षसम्म कैद वा दुबै सजाय हुने ऐनमा व्यवस्था छ। यसको आवश्यक अनुसन्धान र कारबाही प्रक्रिया नेपाल प्रहरीले गर्ने भएकाले आयोगले रौतहट प्रहरीलाई पत्र लेखेको हो ।

त्यसअघि सोही पार्टीका नेता एवं पूर्वमन्त्री श्रेष्ठले चुनावी प्रचारका क्रममा बारामा बेरोजगार युवालाई फ्रि-भिसा फ्रि-टिकटमा विदेश पठाइदिने भन्दै मतदातामाझ प्रतिबद्धता जाहेर गरेको भन्दै २४ घण्टे स्पष्टीकरण सोधेको थियो ।

यस्तै सामाजिक सञ्चालमा नेकपा एकीकृत समाजवादीका अध्यक्ष नेपालको भाषण सुनेका पूर्वप्रधानमन्त्री ओलीले फ्रि-भिसा र फ्रि-टिकट 'अक्सिजन जस्तै निःशुल्क' भएकोले वैदेशिक रोजगारमा जाने सबै युवायुवतीले सहजरुपमा पाउने भन्दै नेपालको आलोचना गरे ।

दलहरुले फ्रि-भिसा फ्रि-टिकट प्राकृतिकरुपमा पाइने अक्सिजन जस्तै भएको प्रचार गरे पनि फ्रि-भिसा फ्रि-टिकटको डिमाण्ड ल्याउन वैदेशिक रोजगार व्यवसायीहरुले चर्को जोखिम मोल्ने गरेका छन् । व्यवसायीले शुरुमा आफैंले लगानी गरेर डिमाण्ड ल्याई कामदार पठाएपछि मात्रै विदेशस्थित कम्पनीबाट सेवा शुल्क पाउने गरेका छन् ।

विदेशी कम्पनीले म्यानपावर कम्पनीलाई सेवा शुल्क नदिएमा सम्बन्धित देशमा रहेको दूतावासले नेपाली म्यानपावर कम्पनीलाई सहयोग गरेको उदाहरण नभएको व्यवसायीहरुको गुनासो रहँदै आएको छ । एक व्यवसायीले भने, 'चुनावको समयमा फ्रि-भिसा फ्रि-टिकटमा आँखा लगाउने नेताहरुले डिमाण्ड ल्याउँदा र कामदार पठाउँदा व्यवसायीले झेल्नुपरेको व्यवहारिक तथा नीतिगत समस्या समाधानका लागि चुनावपछि पनि चासो देखाउनुपर्छ ।'

# मध्यान्हकर्मी डंगोल सम्मानित




**काठमाडौं/मस–** मध्यान्हकर्मी सानुराज डंगोल सम्मानित भएका छन्। उनलाई अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन (अनेरास्वविवियु) टोखा नगर कमिटीले एक कार्यक्रमकाबीच सम्मान गरेको हो। शुभ दिपावली, नेपाल सम्वत ११४३ एवं छठ पर्व २०७९ को अवसरमा आयोजित सम्मान तथा शुभकामना आदानप्रदान कार्यक्रममा अनेरास्ववियुले डंगोललाई सम्मान गरेको हो । आगामी दिनमा अझ शसक्त भूमिका निर्वाहका लागि सम्मान गरिएको अनेरास्ववियुले जनाएको छ ।

उनलाई कार्यक्रमका विशिस्ट अतिथि एवं काठमाडौं क्षेत्र नं. ५ (ख) प्रदेशसभा सदस्यका उम्मेदवार दीपक निरौलाले सम्मानपत्र प्रदान गरेका थिए ।

# कर्णालीमा यातायात तथा हवाई सेवालाई सहज बनाउन आग्रह

**काठमाडौं/मस–** राष्ट्रिय मानव अधिकार आयोगले बाढी, पहिराका कारण कर्णाली प्रदेशको 'कर्णाली राजमार्ग' तत्काल सहज बनाउन आग्रह गरेको छ । आयोगका सहसचिव डा. टीकाराम पोखरेलले २०७९ असोज २१ गतेदेखि अवरुद्ध जुम्ला, मुगु, हुम्ला र डोल्पामा केही दिनदेखि हवाई सेवा प्रभावित भई नागरिकको आवतजावतमा कठिनाइ उत्पन्न भएको उल्लेख गर्दै उक्त आग्रह गरेको जानकारी दिए।

आवतजावतमा देखिएको समस्याका कारण दशैं मनाउन घर गएका नागरिक गन्तव्यस्थलमा फर्किन नपाएको परीक्षार्थी परीक्षा स्थलमा पुग्न नपाइरहेको, आकस्मिक उपचारको आवश्यक परेका बिरामी तथा राष्ट्रिय खेलकुदमा सहभागी हुने खेलाडी समस्यामा परेको आयोगले जनाएको छ । हुम्लामा चामलको भण्डारण सकिएको एवं जुम्लामा करिब सात सय र मुगुमा करिब एक सय ५० जना नागरिक अलपत्र अवस्थामा रहेको पाइएको छ ।

आयोगले बिहीबार नेपाल नागरिक उड्डयन प्राधिकरणका महानिर्देशक प्रदीप अधिकारीसँग बिहीबार छलफल गर्नुका साथै सम्बन्धित जिल्लाका प्रमुख जिल्ला अधिकारीसँग आवश्यक जानकार ीसमेत लिएको छ । आयोगले कर्णालीमा अलपत्र परेका नागरिक विशेषतः सुत्केरी, गर्भवती, बिरामी, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, परीक्षार्थीलाई तत्काल विशेष व्यवस्था गर्ने, वायुसेवा कम्पनीलाई जिम्मेवार बनाउन आग्रह गरेको छ। साथै, उडान संख्या थप गर्ने, उडान नियमित गर्ने, हवाई टिकट पारदर्शी बनाउने, टिकट वितरण प्रणाली पहुँचयुक्त बनाउने, दुर्गम पहाडी तथा हिमाली जिल्ला हवाई सेवा समस्या समाधानका लागि तत्काल र दीर्घकालीनरूपमा गर्नुपर्ने नीतिगत तथा कार्यगतलगायतका विषयमा आयोगले प्राधिकरणलाई आग्रह गरेको छ ।

# लागुऔषधसहित २१ जना पक्राउ

**काठमाडौं/मस–** प्रहरीले ठूलो परिमाणमा लागुऔषधसहित विभिन्न क्षेत्रबाट २१ जनालाई पक्राउ गरेको छ । विशेष सूचनाका आधारमा लागुऔषध नियन्त्रण ब्युरो काठमाडौंबाट खटिएको प्रहरीको टोलीले उनीहरूबाट ३३.४ ग्राम खैरो हेरोइन, १५ किलो गाँजा र दुई हजार १४० पिस लागुऔषध एम्पुल बरामद गरेको ब्युरोले जनाएको छ ।

उनीहरूका साथबाट रु ११ लाख २५ हजार ५०० समेत बरामद गरिएको ब्युरोका प्रवक्ता योगेन्द्रकुमार खड्काले जानकारी दिए । पक्राउ पर्नेमा सोलुखुम्बुका ग्याल्जेन शेर्पा, इलामका दिनेश तामाङ, सिर्जना राई, कृष्ण तामाङ, सरोज राई, नुवाकोटका कृष्णबहादुर राई र सरोज राई, सर्लाहीका रञ्जित गोले, धादिङका शर्मिला तामाङ रहेका छन् ।

यस्तै नियन्त्रित लागुऔषधसहित पर्साका सन्दीप दास, मेलिना भण्डारी, उपेन्द्र कुशवाह र दिपुप्रसाद कुशवाह, चितवनका, श्रीकृष्ण भण्डारी, पर्साकै कृशन शाह, चन्दन महतो, सुवास सहनी र सप्तरीका चन्दनकुमार दासलाई पनि पक्राउ गरिएको छ ।

यस्तै भारत मधुवनीका शम्भुकुमार साह, भारत मेघालयका सन्दीप शर्मा, गोरखाका सचिन देवकोटालगायतलाई पक्राउ गरिएको प्रहरीले जनाएको छ। उनीहरूका साथबाट रु १३ लाख ६२ हजार मूल्य बराबरको लागुऔषध बरामद भएको जनाइएको छ ।


## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : CABLET HOUSE COMAPNY FOR THE RETAILING SALE OF CLEANING MATERIALS

पूर्व स्वीकृत मिति: २०७९/०५/२६ चलानी नं.: ६०१८७४०३ LT. No.:271623 शहर: KUWAIT

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | CLEANING WORKER / OFFICE (CLEANING LABOUR/ Cleaner) | 18 | 6 | स. काममा दक्ष | 120 | ४९,४७१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ कातिक ११ गते (28 October 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

Reva Overseas Pvt. Ltd.
Govt Lic. NO. 1070/073/074
Koteshwor-35, Tinkune, Kathmandu, Phone : 4591430
Mob.: 9851238207, 9851119680
E-mail : info@revaoverseas.com.np, Web.: www.revaoverseas.com.np



नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग
पुष्पलाल (मध्यपहाडी) राजमार्ग आयोजना निर्देशनालय
बुद्धनगर, काठमाण्डौ

**पुष्पलाल (मध्यपहाडी) राजमार्ग अन्तर्गत भैंसे - ज्याम्दु - अर्मलाकोट- याम्दी पुल सडकखण्ड (३८.८ कि.मी.), नयाँ निर्माण तथा स्तरोन्नतिको आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिबेदन तयारी सम्बन्धी सार्बजनिक सुनुवाईको सूचना**

प्रमाणित मिती: २०७९/०७/०४

गण्डकी प्रदेश, कास्की जिल्ला, पोखरा महानगरपालिका र मादी गाउँपालिकामा पुष्पलाल (मध्यपहाडी) राजमार्ग आयोजना निर्देशनालय, सडक विभागद्धारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| प्रस्तावकको नाम र ठेगाना | पुष्पलाल (मध्यपहाडी) राजमार्ग आयोजना निर्देशनालय, बुद्धनगर, काठमाण्डौ |
|---|---|
| प्रस्तावको व्यहोरा | पुष्पलाल (मध्यपहाडी) राजमार्ग अन्तर्गत मादी गाउँपालिका- ४, भैंसे देखी ज्याम्दु, मेलवोट, पानी घाट, आंटीघर, अर्मलाकोट, कालीखोला पुल, अमला बिसौनी लामाचौर, जौवारी हुदैं पोखरा महानगरपालिका -१६, याम्दी पुलसम्मको ३८.८ कि.मी. सम्मको सडक नयाँ निर्माण तथा स्तरोन्नती आयोजना (कालोपत्रे)<br>क्षेत्राधिकार: ३० मि. (१५/१५ मि. दुवैतिर)<br>दुई लेन: ०+००० देखी ३४+४०० र ३७+७६०देखी ३८+८००, क्यारिज वे चौडाई : ७ मि, शोल्जर: ०.७५/०.७५ मि. दुवै तर्फ र साइड ड्रेन: १.२ मि. एक छेउ<br>चार लेन: ३४+४०० देखी ३७+७६०, क्यारिज वे चौडाई : १४ मि, साइड ड्रेन: १.५ मि. दुवै छेउ, आपतकालिन पार्किङ्ग -१/१ मि. दुवै छेउ, पैदलमार्ग - १.८ मि. दुवै छेउ |
| प्रभाब पर्न जिल्ला, स्थानिय तह र वार्ड | कास्की जिल्ला, पोखरामहानगरपालिका १६ र २०; मादी गाउँपालिका ३,४ र ७ |

माथि उल्लेखित प्रस्तावको वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, साँस्कृतिक प्रणाली र आर्थिक प्रणालीबीच के कस्तो प्रभाव पर्दछ भनि या यकिन गर्न सो स्थानको ग.पा. तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय-सुझाब लिन आवश्यक भएकाले यो सार्वजनिक प्रकाशन भएको मितिले सात दिन भित्र निम्न ठेगानामा उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ ।

**राय सुझावको लागि पत्राचार गर्ने ठेगना:**

| प्रस्तावकको नाम र ठेगाना | सम्बन्धित मन्त्रालयको नाम र ठेगाना | परामर्शदाताको नाम र ठेगाना |
|---|---|---|
| बागमती प्रदेश सरकार - भौतिक पूर्वाधार विकास मन्त्रालय<br>पुष्पलाल (मध्यपहाडी) राजमार्ग आयोजना निर्देशनालय<br>बुद्धनगर, काठमाण्डौ, फोन: ०१-४७८५६७०<br>ईमेल: midhillhighway@gmail.com | नेपाल सरकार<br>भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय<br>सिंहदरबार, काठमाडौं<br>फोन: ०१-४२११७३२/४२११९३१/४२११६०३<br>ईमेल: info@mopit.gov.np | जे एण्ड आर कन्सल्ट प्रा. लि.<br>टोखा, काठमाण्डौ<br>फोन :९७७-९८५११७२७६७/०१-४३८५८८०<br>ईमेल : jnrconsult2067@gmail.com |

# नेपाल–भारत सीमा ७२ घण्टा सिल गरिने

**महेन्द्रनगर/मस–** आगामी मंसिर ४ गते हुने प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचनमा सुरक्षा व्यवस्था मजबुत बनाउन निर्वाचनको समयमा ७२ घण्टा सीमा सिल गर्ने सहमति भएको छ । भारतको उत्तराखण्ड प्रदेशको उद्धमसिंहनगर जिल्लाको रुद्रपुरमा बिहीबार सम्पन्न नेपाल-भारत संयुक्त बैठकले यस्तो निर्णय गरेको कञ्चनपुरका प्रमुख जिल्ला अधिकारी गोपालप्रसाद अर्यालले जानकारी दिए । कैलाली-कञ्चनपुरका प्रशासन तथा सुरक्षा निकायका प्रमुख र भारतीय अधिकारीहरू बीच छलफल भएको थियो । उनका अनुसार बैठकमा सीमा नाकामा हुने आपराधिक गतिविधि हुन नदिन आ-आफ्नो क्षेत्रमा सुरक्षा निगरानी बढाउने सहमति भएको छ ।



'बैठकमा निर्वाचन हुनुभन्दा ७२ घण्टाअघि सीमा नाका सिल गर्ने सहमति भएको छ', उनले भने, 'निर्वाचन प्रभावित हुने गतिविधि हुन नदिन सीमा नाकामा सुरक्षा निगरानी बढाउने समझदारी भएको छ ।' उनले पश्चिमी सीमा नाका गड्डाचौकीमा नेपालीहरूमाथि दुर्व्यवहार हुने गुनासो आएकाले यस विषयमा पनि भारतीय सुरक्षा अधिकारीसमक्ष नाकामा मैत्रीपूर्ण व्यवहारको वातावरण बनाउन आग्रह गरिएको बताए ।

'नाकामा हुने काठ तस्करी, चोरी निकासी र आपराधिक गतिविधि नियन्त्रण गर्ने कुरामा एकआपसमा सहयोग गर्ने कुरामा पनि बैठकमा सहमति भएको छ', उनले भने, 'हुलाकी राजमार्ग निर्माणमा पनि अवरोध आएकाले सम्बन्धित स्थानीय अधिकारीहरूले स्थलगत अवलोकन गरेर सहजीकरण गर्ने विषयमा छलफल भएको छ ।'

संयुक्त बैठकमा कञ्चनपुरका प्रमुख जिल्ला अधिकारी अर्याल, कैलालीका प्रमुख जिल्ला अधिकारी किरण थापा, कैलाली कञ्चनपुरका प्रहरी र सशस्त्र प्रहरीका प्रमुखहरू, राष्ट्रिय अनुसन्धानका अधिकारीहरू, कञ्चनपुर भन्सार कार्यालय र शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज कार्यालयका प्रमुख, महाकाली सिँचाइ तेस्रो चरण आयोजनाका निर्देशक, नापी तथा डिभिजन वन कार्यालय कञ्चनपुरका प्रमुखलगायतको सहभागिता थियो । भारतीयपक्षबाट उद्धमसिंहनगर उत्तराखण्डका डीएम युगल किशोर पन्त, भारतीय सीमा सुरक्षा बल (एसएसबी) का ५७ बटालियन सीतारगञ्जका प्रमुख अनिल कुमार, उद्धमसिंहनगरका प्रहरी प्रमुख एसएसपी मञ्जुनाथ टीसीलगायतका अधिकारीहरूको सहभागिता थियो । स्थानीयस्तरका समस्या समाधान र अपराध नियन्त्रणका लागि हरेक तीन/तीन महिनामा नेपाल-भारत संयुक्त बैठक हुँदै आएको छ ।

# कर्णालीमा भएको बाढीपहिराको असरबारे अध्ययन



**काठमाडौं/मस–** असोजको अन्तिम साता कर्णाली प्रदेशका विभिन्न जिल्लामा बाढी र पहिराले पुर्‍याएको क्षतिको प्रारम्भिक अध्ययन थालिएको छ । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणबाट खटिएका टोलीले अध्ययन शुरु गरेका हुन् । प्राधिकरणले कर्णालीका हुम्ला, जुम्ला, मुगु र कालिकोट जिल्लामा भएको क्षति र नोक्सानीको प्रारम्भिक अध्ययनका लागि वरिष्ठ इञ्जनियरहरूको नेतृत्वमा चारवटा टोली परिचालन गरेको जानकारी दिएको छ । हुम्लाका लागि स्ट्रक्चरल इञ्जिनयर देवराज पौडेल, जुम्लाका लागि जिओटेक इञ्जिनियर पवनबाबु बास्तोला, मुगुका लागि जिओटेक इञ्जिनियर हरिश पनेरु एवं कालिकोटका लागि जिओटेक इञ्जिनियर विराश मल्लको नेतृत्वमा टोली परिचालन गरिएको हो ।

सबै टोलीले आफू खटिएका जिल्लाका जिल्ला विपद् व्यवस्थापन समितिसँग छलफल गरी क्षति भएको जिल्लाका सबै पालिकाका निजी घर, टहरा, सरकारी तथा गैरसरकारी निकायका भौतिक संरचनाको क्षति अनुमानसहित प्रारम्भिक अध्ययन गर्नेछ । टोलीले स्थानीय तहका जनप्रतिनिधिहरू र त्यहाँ कार्यरत प्राविधिकहरूसँग समन्वय गरेर क्षतिको विवरण लिनुका साथै पहिरोको प्रारम्भिक भौगोलिक अध्ययन गर्ने जनाइएको छ । अध्ययन टोलीले ती स्थानका समस्या समाधानका लागि तत्कालीन र दीर्घकालीन सुझावसहितको प्रतिवेदन बनाएर प्राधिकरणलाई बुझाउने छन् ।

असोज २८ गते बसेको मन्त्रिपरिषद्को बैठकले विपद्जोखिम न्यूनीकरण तथा व्यवस्थापनको कार्यलाई थप प्रभावकारी बनाई सम्भावित जोखिमबाट हुने क्षति न्यूनीकरण गरी थप जनधनको नोक्सानी हुन नदिन कर्णाली प्रदेशका यी चार जिल्लाका विपद् प्रभावित स्थानीय तहको भौगोलिक क्षेत्रलाई विपद् सङ्कटग्रस्त क्षेत्र घोषणा गरेको थियो । सरकारले २०७७ सालदेखि मनसुनजन्य विपद्बाट क्षति पुगेका घरहरूको पुनर्निर्माण र पुनःस्थापनाका लागि अनुदान दिन शुरु गरिसकेको छ ।

मनसुनजन्य विपद् प्रभावित निजी आवास पुनर्निर्माण तथा पुनःस्थापना अनुदान कार्यविधि, २०७७ अनुसार बाढी-पहिरोबाट पूर्णरुपमा आवास क्षति भएका प्रभावितले हिमाली जिल्लाको हकमा रु पाँच लाख, पहाडी जिल्लाको हकमा रु चार लाख र तराईका जिल्लाका हकमा रु तीन लाखसम्म राहत पाउँछन्

# हेटौँडा मोडेल अस्पतालमा सिलबन्दी

**हेटौाडा/मस–** जिल्ला प्रशासन कार्यालय मकवानपुरले सरकारले तोकेको मापदण्डविपरीत सञ्चालनमा रहेको हेटौँडाको एक अस्पतालमा सिलबन्दी गरी कारबाही प्रक्रिया अगाडि बढाएको छ । कार्यालयबाट गरिएको अनुगमनका क्रममा हेटौँडा उपमहानगरपालिका-१ मा रहेको हेटौँडा मोडेल अस्पताल मापदण्डविपरीत सञ्चालनमा रहेको पाइएकाले सिलबन्दी गरिएको हो ।





सो अस्पतालले १० शय्याको अनुमति लिएर स्वीकृतिभन्दा बढी शय्या राखेर सञ्चालन गरेको तथा अनुमतिबिना फार्मेसी तथा ल्याब सञ्चालन गरेकाले सिलबन्दी गरिएको कार्यालयले जनाएको छ । साथै अस्पतालले एनएसथेसियोलोजिष्ट डाक्टर नराखी एनएसथेसिया सहायकबाट बिरामीलाई बेहोस बनाएर मेजर शल्यक्रिया गर्दै आएकाले शल्यक्रिया नगर्न रोक लगाइएको जिल्ला प्रशासन कार्यालयका प्रशासकीय अधिकृत गुणराज न्यौपानेले जानकारी दिए ।

त्यस्तै अस्पतालमा मापदण्डअनुसार कर्मचारी नभेटिएको, फोहरमैला व्यवस्थापन नगरेको पाइएको सम्बन्धमा प्रशासनले सचेतसमेत गराएको जानकारी दिइएको छ । अधिकृत न्यौपानेको नेतृत्वमा खटिएको सो अनुगमन टोलीमा उपमहानगरपालिकाका जनस्वास्थ्य निरीक्षक भोला चौलागाइ तथा जिल्ला जनस्वास्थ्य कार्यालयका ठाकुर पौडेललगायत सरोकारवाला संस्थाको सहभागिता रहको थियो । अस्पताल सञ्चालकलाई आवश्यक कागजातसहित १५ दिनभित्र जिल्ला प्रशासन कार्यालयमा उपस्थित हुन निर्देशन दिइएको छ ।

# कात्तिक ८ गते खण्डग्रास सूर्यग्रहण

**काठमाडौं/मस–** कात्तिक ८ गते मंगलबार कात्तिक कृष्ण औंसीका दिन खण्डग्रास (थोरै सूर्य ढाक्ने) सूर्यग्रहण लाग्ने नेपाल पञ्चांग निर्णायक विकास समितिले जनाएको छ । ग्रहणले अपराह्न ४:५२ बजे स्पर्श गर्ने छ। ग्रहण लागेको ३२ मिनेटपछि बेलुकी ५:२४ बजे सूर्यास्त हुने समितिका कार्यकारी निर्देशक सूर्यप्रसाद ढुङ्गेलले जानकारी दिए । करिब ३२ मिनेटमात्र नेपालबाट ग्रहण देखिने उनले सुनाए । नेपालबाट नदेखिने भए पनि ग्रहणले बेलुकी साढे सात बजे छाड्ने छ । शास्त्रीय मान्यताअनुसार कात्तिक ८ गते बिहान ४:५२ बजेदेखि बाल, वृद्ध र बिरामीबाहेक अरूलाई भोजन निषेध गरिएको छ। ग्रहण बार्नेले कात्तिक ९ गते बिहान सूर्योदय नभएसम्म अन्न खान निषेध गरिएको छ । ग्रहणका समयमा स्नान, दान, श्राद्ध, जप, ध्यान, साधनालगायत कर्म गर्न शुभ मानिन्छ । ग्रहणका समयमा दीक्षा मन्त्र लिन पनि उत्तम हुने शास्त्रीय मान्यता रहेको धर्मशास्त्रविद् प्रा. डा. रामचन्द्र गौतम बताउँछन् ।

ग्रहणका बेला सकेसम्म तीर्थस्थलमा नसके नजिकको नदी, ताल, तलाउ, पोखरी यति पनि सम्भव नभए घरमै स्नान गर्नुपर्ने निर्णयसिन्धु, हेमाद्रि, कालमाधव, वीरमित्रोदयलगायत धार्मिक ग्रन्थमा उल्लेख गरिएको छ। ग्रहणका बेला गर्न हुने र नहुने कामलाई यी ग्रन्थमा यसरी उल्लेख गरिएको छ ।



निद्रायां जायते व्याधि मुत्रे दारिद्रमाप्नुयात् ।

पुरिषे कृमियोनिश्च मैथुने ग्रामसुकरः ॥

अभ्यञ्जने भवेत्कुष्ठि भोजने स्यादधोगति ।

बन्धने च भवेत् सर्पे वधे च नरकं व्रजेत् ॥

अर्थात् ग्रहणका समयमा सुते रोग लाग्ने, पिसाब गरे दरिद्र, दिसा गरे कीरा भएर जन्मने, मैथुन गरे गाउँको सुङ्गुर भएर जन्मने, सिङ्गारपटार गरे कुष्ठरोगी, भोजन गरे अधोगति, बन्धनमा राखे सर्प भएर जन्मने, काटमार गरे नरकमा बास हुने उल्लेखित धार्मिकग्रन्थमा वर्णन गरिएको छ । सूर्य ग्रहणमा चार प्रहर (१२ घण्टा) र चन्द्रग्रहणमा तीन प्रहर (नौ घण्टा) अघिदेखि सुतक लाग्ने धर्मशास्त्रविद् गौतमले सुनाए। सुतक लागेपछि भोजन गर्न नहुने धार्मिक विश्वास छ। यसै विश्वासअनुसार कात्तिक ८ गते बिहान ४:५२ बजेदेखि भोजन गर्नु हुँदैन । ग्रहणका समयमा नित्यकर्म गर्नु हुन्छ। घरमा तिथि, श्राद्ध परेमा ग्रहणमा गर्न हुने समितिले जनाएको छ । ग्रहण निषेध गरिएकाबाहेक कर्म गर्न हुने जनाइएको छ ।

# चितवनमा नमूना मतदान

**चितवन/मस–** आगामी मंसिर ४ गते हुने प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचनका लागि नमूना मतदान सम्पन्न भएको छ । जिल्ला निर्वाचन कार्यालय चितवनमा नमूना मतदान गरिएको हो । निर्वाचनमा प्रयोग हुने निर्वाचन चिन्ह बाहेकका चिन्ह प्रयोग गरी छापिएको नमूना मतपत्रमा मतदान गरिएको हो ।

मुख्य निर्वाचन अधिकृत रितेन्द्र थापा र प्रमुख जिल्ला अधिकारी अस्मान तामाङले संयुक्त रुपमा मतदान गरेर नमूना मतदानको शुभारम्भ गरेका थिए । पहिलो हुने निर्वाचन प्रक्रियाअर्न्तगत प्रतिनिधिसभा र प्रदेशसभा एवं समानुपातिकतर्फको मतपत्रमा मतदान गरिएको हो । मतदानपछि प्रतिक्रिया दिँदै मुख्य निर्वाचन अधिकृत थापाले वास्तविक मतदानका लागि समय कति लाग्छ र जटिलता कति हुन्छ भन्ने मापन गर्नका लागि पनि नमूना मतदान गरिएको बताए । प्रत्यक्षदर्शीलाई सिकाउनका लागि नमूना मतदान गरिने उनले बताए ।

उनले भने, 'मतपत्र सानो भएकाले असहज छैन । तीन मिनेट ३० सेकेण्डमा मतदान सकेको छु ।' स्थानीय तहको निर्वाचनभन्दा अहिलेको निर्वाचन सहज रहेको उनको भनाइ थियो । व्यवस्थापनमा लाग्ने कर्मचारी चनाखो हुन सकेमा खासै समस्या नआउने उनले बताए । यसपालि जति उम्मेदवार त्यति चिन्ह भएको मतपत्र आउने भएकाले बदर हुने समस्या न्यून रहने थापाले बताए ।

प्रमुख जिल्ला अधिकारी अस्मान तामाङले समानुपातिक मतपत्र ठूलो हुने भएकाले केही असहज भए पनि प्रत्यक्षतर्फ सानो मतपत्र हुने भएकाले सहज हुने बताए । स्थानीय तहको निर्वाचनमा एउटै मतपत्रमा सात छाप लगाउनुपर्ने हुँदा मतदाता झुक्किने भए पनि अहिले एउटा मतपत्रमा एउटा छाप लगाउँदा मतदातालाई सहज हुने उनको भनाइ थियो । निर्वाचन आयोगले निर्वाचनको प्रशिक्षण प्रशिकलाई तयारीका लागि नमूना मतदान गरिएको उनले जानकारी दिए ।

जिल्लामा अहिले चार लाख आठ हजार तीन ४२ मतदाता रहेका छन् । जसमध्ये महिला मतदाताको संख्या पुरुषको भन्दा बढी रहेको छ । दुई लाख नौ हजार तीन सय नौ मतदाता महिला रहेका छन् भने पुरुष एक लाख ९९ हजार ३२ रहेको जिल्ला निर्वाचन कार्यालयका प्रमुख भीमशेन कार्कीले जानकारी दिए । कार्कीका अनुसार जिल्लामा १६२ मतदानस्थलमा चार सय ६० केन्द्रबाट मतदान हुँदैछ ।

क्षेत्र नम्बर १ मा एक लाख ३९ हजार आठ सय ४५ मतदाता रहेका छन् । जहाँ ५६ मतदानस्थल र एक सय ५९ केन्द्रबाट मतदान हुँदैछ । क्षेत्र नम्बर २ मा रहेका एक लाख २४ हजार दुई सय १४ मतदाताले ४३ मतदानस्थलमा रहेका १३८ केन्द्रबाट मतदान गर्ने छन् । यस्तै क्षेत्र नम्बर ३ मा ६३ मतदानस्थलका एक सय ६३ मतदान केन्द्रबाट एक लाख ४४ हजार दुई सय ८३ मतदाताले मतदान गर्ने कार्कीले बताए ।

# २३ वर्षपछि सडक कालोपत्रको काम शुरु



**म्याग्दी/मस–** ट्याक खोलेको २३ वर्षपछि म्याग्दीको रत्नेचौर-भकुण्डे-भकिम्ली सडक कालोपत्रे गर्न आयोजना शुरु भएको छ । भौतिक पूर्वाधार मन्त्रालयले बेनी नगरपालिकाको वडा नम्बर १ रत्नेचौरको उपल्लाचौरदेखि अर्जम, वडा नम्बर २ को ज्यामरुककोट, स्यानालेक, तोराखेत हुँदै वडा नम्बर ३ भकिम्ली जोड्ने सडक स्तरोन्नतिको काम थालेको हो । एक निर्वाचन क्षेत्र एक सडक आयोजनामा समावेश भएको यो सडक कालोपत्रका लागि ठेक्का सम्झौता गरेको निर्माण कम्पनीले प्रारम्भिक चरणको काम थालेको बेनी-१ का वडाध्यक्ष टेकबहादुर थापाले जानकारी दिए । भकुण्डे र उपल्लाचौर क्षेत्रमा डोजरले सडक फराकिलो बनाउने र मजदुरबाट पर्खाल, नालि निर्माण गर्न लागेको हो । विसं २०५६ मा मार्ग खोलिएको बेनी नगरपालिकाको १, २ र ३ नम्बर वडाका बासिन्दाले प्रयोग गर्ने यो सडक सामान्य मर्मतको भरमा यातायात सञ्चालन हुँदै आएको थियो ।

सडक निर्माणका लागि विसं २०७९ भदौ ६ गते गजेन्द्र-नयाँबाटो जेभी र सडक डिभिजन कार्यालय बागलुङबीच भ्याटबाहेक रु २३ करोड ३२ लाखमा ठेक्का सम्झौता भएको थियो । तोकिएको ३० महिनाको अवधिभित्र सडक निर्माणको काम सक्ने तयारीसहित उपकरण र मजदुर परिचालन गर्ने निर्माण कम्पनीका सञ्चालक अरुण सेढाईले बताए ।

सडकलाई नौ मिटर फराकिलो बनाएर सात किलोमिटर डिबिएसडी प्रविधिको कालोपत्रे र दुई किलोमिटर आरसिसी ढलान गर्ने सम्झौता भएको छ । यसैगरी घुम्ती तथा मोड सुधार र ग्रेड मिलाउने काम पनि गरिनेछ । हाल चारदेखि पाँच मिटर फराकिलो सडक हिउँदमा धुलाम्मे र हिउँदमा हिलाम्मे हुने समस्या छ ।

सङ्घीय सरकारले प्रत्यक्ष निर्वाचित सांसदको सिफारिसमा सबै निर्वाचन क्षेत्रमा एक/एक वटा रणनीतिक महत्वको सडक आयोजना सञ्चालन गर्न रु ४०/४० करोड विनियोजन गरेको थियो । निवर्तमान सांसद भूपेन्द्रबहादुर थापाले म्याग्दीका प्रमुख तीन रणनीतिक सडक मध्य कुनै पनि कार्यक्रममा नसमेटिएको र बागलुङको ताराखोला गाउँपालिकासँग जोड्ने भएकाले रत्नेचौर-भकुण्डे-भकिम्ली-बरंजा सडक आयोजनालाई सिफारिस गरेको बताए ।

'बेनी-दाना सडक कालीगण्डकी कोरीडोर र बेनी-दरवाङ सडक प्रदेश सरकारको कार्यक्रममा छ', उनले भने, 'आर्थिक वर्ष २०५५/५६ मा खनिएको यो जिल्लाको अर्को रणनीतिक महत्वको सडक भएकाले स्तरोन्नतिका लागि सिफारिस गरिएको हो ।'

पहिलो चरणमा उपल्लाचौरदेखि बेनी नगरपालिकाको वडा नम्बर ३ तोराखेतसम्म नौ किलोमिटर दूरीमा कालोपत्रे गर्ने लक्ष्य छ । भकिम्ली-बरङ्जा-अर्मनको किमचौर हुँदै ताराखोलासम्म मार्ग खोलिसकिएको छ । यसअघि सङ्घीय सरकारकै बजेटबाट सडकको प्रवेशबिन्दुमा पर्ने रत्नेचौरदेखि उपल्लाचौरसम्म एक किलोमिटर तीन सय मिटर कालोपत्र र तीन सय मिटर सडक ढलान गरिएको थियो । सडक कालोत्रप भएपछि रत्नेचौर, उपल्लाचौर, सालघारी, अर्जम, फापरखेत, भकुण्डे, स्यानालेक, तोराखेत र भकिम्लीका बासिन्दालाई निकासी, ढुवानी र आवतजावतमा सहज हुने अपेक्षा गरिएको छ ।

**Panini Rural Municipality**
**Office of the Rural Municipal Executive**
**Durgaphant, Arghakhachi**

**Invitation for Electronic Bids**

**Notice No. 03/Panini/Procurement/079-80**
**First Date of publication : 2022/10/21 (B.S. 2079/07/04)**

1. Panini Rural Municipality Office, Durgaphant, Arghakhanchi invites only electronic bids from duly eligible and qualified registered bidders for the procurement of following works under NCB Procedure. Name and identification of contracts are mentioned below though the details are in the bidding document.

| S.N. | Contract ID. | Project Description | Estimated Amount (Excluding VAT & Contingency) | Bid Security |
|---|---|---|---|---|
| 1 | PRM/NCB/ Works/02/079-80 | सामुदायिक भवन निर्माण, पाणिनी-२, पोखराथोक, अर्घाखाँची | NRs. 46,94,382.40 | NRs. 1,35,000.00 |
| Bid Document Fee : Rs 3,000.00. Last date of Bid Submission : 2022/11/20 12:00 Noon. | | | | |
| Bid Opening : 2022/11/20 1:00 PM . | | | | |

| Bank Name | Name of Office | For Purchasing Bid Document | Cash Deposit for Bid Security |
|---|---|---|---|
| Global IME Bank Ltd. Pokharathok, Arghakhachi | Panini Rural Municipality Office, Durgaphant, Arghakhachi | Ga.1.1 Aantarik Rajashwo Khata Panini 21504010000016 | Ga.3.1 Dharauti Khata Panini 21504010000009 |

2. Tender Procedures shall follow public procurement act 2063, public procurement regulation 2064 and Standard Bidding Documents along with recent amendments.
3. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

**Chief Administrative Officer**

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com
४ कातिक २०७९, शुक्रबार
21 October 2022, Friday

## सम्पादकीय

# मानव स्वास्थ्यमाथि खेलवाड नहोस्

धादिङकी ३२ वर्षीया एक महिला मिर्गौला पाउने आश गर्दै थिइन् । ५८ वर्षीय सासु मिर्गौला दिन तयार भइन् । चिकित्सकहरूका अनुसार मंगलबार प्रत्यारोपण गर्न सबै जाँच गरेर दाताको मिर्गौला निकालिएको थियो तर, प्रत्यारोपण गर्नुभन्दा अगाडिको चेकजाँचमा मिर्गौला राम्रो देखिएन । झिकिएको मिर्गौला बिरामीलाई प्रत्यारोपण गर्न नमिल्ने भन्दै प्रत्यारोपणमा संलग्न चिकित्सकहरू बिरामी तथा बिरामीका आफन्तलाई कुनै जानकारी नै नदिई हिंडे । चिकित्सकले छोडेर गएपछि बिरामीका आफन्तहरू निर्देशक बस्नेतको कक्षमा पुगे । त्यसपछि वीर अस्पतालमा भएको यो कमजोरी बाहिर आएको छ ।


बिरामीका आफन्तहरूले चिकित्सकहरूले लापरबाही गरेको भनेका छन् । लापरबाही नै भएको वीर अस्पतालका चिकित्सकहरूले भने स्वीकार गरेका छैनन् । वीरको युरोलोजी विभागका प्रमुख डा. रविन बस्नेत मिर्गौला प्रत्यारोपणका क्रममा कहिलेकाँही यस्ता समस्या हुनु प्राविधिक कुरा भएको बताउँछन् । यो प्राविधिक कुरा नै हो भने पनि झिकिएको मिर्गौला बिरामीलाई प्रत्यारोपण गर्न नमिल्ने भन्दै प्रत्यारोपणमा संलग्न चिकित्सकहरू बिरामी तथा बिरामीका आफन्तलाई कुनै जानकारी नै नदिई हिंडनु चाहीँ कमजोरी नै हो । कुनै पनि बिरामीले आफ्नो स्वास्थ्य स्थितिबारे जानकारी राख्न पाउँछ यो स्वमं व्यक्तिको व्यक्तिगत अधिकारको विषय पनि हो । मृगौला दिने व्यक्तिको मृगौला अर्को व्यक्तिलाई प्रत्यारोपण गर्न नमिल्ने थियो भने नझिकिनुपर्ने थियो । प्रावधिक रूपमै कमजोरी भएको हो भने पनि जानकारी गराउनुपर्थ्यो । चिकित्सकहरू कुनै जानकारी नगराई छोडेर हिंडेपछि बिरामीका आफन्तहरू निर्देशकको कक्षमा पुग्नुपर्ने र अधिकारका लागि आन्दोलनकै चेतावनी दिनुपर्ने र त्यसलाई थामथुम पार्न निशुल्क उपचारका प्रलोभन देखाउने जस्ता कार्यले व्यक्तिको व्यक्तिगत अधिकारको प्रत्याभूति गराउँदैन् । यसैमा जोडिएर कतिपयले चिकित्सकमाथि नै विश्वासको प्रश्न उठाएका छन् ।

तथापि, प्रत्यारोपण गर्न सबै जाँच गरेर दाताको मिर्गौला निकालिएको तर, प्रत्यारोपण गर्नुभन्दा अगाडिको चेकजाँचमा मिर्गौला राम्रो नदेखिनुका पछाडिको कारण खोजी गर्न अस्पतालले सर्जरी विभागका चिकित्सक डा.प्रविण श्रेष्ठको संयोजकत्वमा सात सदस्यीय समिति गठन गरेको छ । समितिमा अस्पतालका मेडिसिन विभागका प्रमुख डा. अशेष ढुंगाना, रेडियोलजी विभागका प्रमुख डा. सरोज शर्मा, सिटिभिएस विभागका प्रमुख डा. दिनेश चापागाईं, एनेस्थेसिया विभागकी डा.ऋतु प्रधान, प्रमुख नर्सिङ प्रशासक संगीता श्रेष्ठ र शाखा अधिकृत सीताराम खड्का छन् । समितिलाई छानबिन गरी प्रतिवेदन पेस गर्न दुई साताको समय दिइएको छ । गठित समितिले निश्पक्ष रूपमा छानबिन गरेर निचोड दिनुपर्ने हुन्छ । गम्भीर गल्ति हो र सामान्य भनियो भने यसले भविष्यमा थप कमजोरी निम्तिन सक्ने कुरालाई ख्याल गर्नुपर्छ । कमजोरी कहाँ र कसरी भएको हो समितिले स्पष्ट भन्नुपर्छ । अन्यथा मानव स्वास्थ्यमाथि खेलवाड हुन सक्छ । यसलाई ख्याल गर्न सक्दा मात्रै चिकित्सक र अस्पतालप्रतिको विश्वासलाई थप बलियो र भरपर्दो बनाइराख्न सकिन्छ ।

# अन्योलपूर्ण जनशक्ति विकाससम्बन्धी योजना

*एकातिर सयौं स्थानमा मेसिन तथा प्रविधिको ज्ञानको अभावमा अरबौंका सामग्री नचलाएर नै कबाडीमा बेचिन पुग्छन् भने अर्कोतिर सयौं दक्ष जनशक्तिलाई कहाँ प्रयोग गराउने भन्ने अन्योलता छ । यो अवस्थामा देश निश्चित वर्ग र समूहको प्रभावमा लुटिएको र जनताप्रति अन्याय भएको स्पष्ट देखिन्छ ।*

अग्रलेख



● ईश्वरीप्रसाद पोखरेल

एकातिर सयौं स्थानमा मेसिन तथा प्रविधिको ज्ञानको अभावमा अरबौंका सामग्री नचलाएर नै कबाडीमा बेचिन पुग्छन् भने अर्कोतिर सयौं दक्ष जनशक्तिलाई कहाँ प्रयोग गराउने भन्ने अन्योलता छ । यो अवस्थामा देश निश्चित वर्ग र समूहको प्रभावमा लुटिएको र जनताप्रति अन्याय भएको स्पष्ट देखिन्छ । यसर्थ, यी पक्षलाई कार्यान्वयनमा ल्याउन तपसिलका मार्ग अवलम्बन गर्नु, हुनु आवश्यक भएको छ ।

### नीतिगत व्यवस्था

जनशक्ति व्यवस्थापनमा देखिएको समस्याको निराकरण सबैभन्दा पहिले विश्वविद्यालयबाट हुनुपर्दछ । विश्वविद्यालय अनुदान आयोग आफैंले कम्तिमा २० वर्षे प्राविधिक शिक्षा तथा उच्च शिक्षा जनशक्ति विकास नीतिको तय गर्ने व्यवस्था गर्नुपर्ने देखिन्छ । आयोगले विशिष्ट प्राज्ञ तथा विषयविज्ञहरूको संयोजन तथा नेतृत्वमा स्थायी प्राविधिक शिक्षा तथा उच्च शिक्षा जनशक्ति विकास अध्ययन कार्यदल गठन गर्नु पर्दछ । उक्त कार्यदलमा सरकारी, सामुदायिक तथा निजी क्षेत्रसहितका सबै क्षेत्रका प्रतिनिधिहरूको सहभागिताको अनिवार्यता कानुनी रुपमा हुनुपर्ने हुन्छ । उच्च शिक्षाका सबै विषय क्षेत्र तथा प्राविधिक तथा व्यावसायिक शिक्षामा विशेष गरी प्राविधिक उच्च शिक्षातर्फ (चिकित्सा, प्राकृतिक स्वास्थ्य, कृषि, पशु, वन विज्ञान, विज्ञान प्रविधि तथा नयाँ नयाँ टेक्नोलोजीका विषयहरू, फुड टेक्नोलोजी, इन्जिनियरिंग, जडीबुटी, उद्योग तथा भूगर्भ सम्बद्ध नितान्त प्राविधिक र व्यावसायिक विज्ञ सीप) का विषयमा केन्द्रित जनशक्ति विकासका पक्षमा व्यापक अध्ययन गर्ने, कार्यान्वयनका लागि योजनावद्ध प्रतिवेदन तयार गर्ने र विश्वविद्यालयहरूलाई त्यस अनुरुपको जनशक्ति तयार पार्ने वातावरण मिलाउन सहजीकरण गर्ने काम, कर्तव्य र अधिकारको भूमिका आयोगले खेल्नु पर्दछ ।

उच्च शिक्षा तथा प्राविधिक तथा व्यावसायिक शिक्षातर्फ माथिका सबै विषय पक्षको विद्यमान अवस्था अध्ययन तथा विश्लेषण गरी कार्यदलले देहायका पक्षमा आफ्ना धारणा र योजना कार्यान्वयन गर्न, गराउन सरकारलाई सिफारिस गर्नुपर्ने हुन्छ ।

- उच्च शिक्षा तथा प्राविधिक तथा व्यावसायिक शिक्षातर्फ तत्कालीन, मध्यकालीन र दीर्घकालीन विषयगत क्षेत्रको शैक्षिक योग्यता, तालीम, प्रशिक्षण तथा प्रशिक्षार्थी छनोट तथा इन्टर्नसीप क्षेत्रको प्रभावकारिता अध्ययन, प्रयोग र सम्भावनाहरूको योजना निर्धारण ।
- मुलुकमा आवश्यक पर्ने हरेक किसिमका जनशक्ति विकासका सन्दर्भमा प्रशिक्षण, तालिम, कार्यशाला, उच्च शिक्षामा अध्ययनरत विद्यार्थीहरूलाई स्वयम् सेवक, इन्टर्नसीप तथा अभ्यास कार्यमा जोड्ने विधि/प्रक्रिया र नीतिगत व्यवस्था सिफारिस गर्ने ।
- उच्च शैक्षिक प्रतिष्ठान तथा विश्वविद्यालयहरूका विषय क्षेत्रानुसारका अनुसन्धान केन्द्रहरूको गुणस्तर निर्धारण तथा ती निकायबाट उत्पादित जनशक्तिको कार्यक्षमता, कार्यक्षेत्र तथा कार्यसम्पादन प्रभावकारिता अध्ययन गर्ने, गराउने र राज्यका कार्यमा प्रत्यक्ष सहभागी हुने, गराउने कार्यविधि, मापदण्ड सिफारिस गर्ने ।
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Food And Beverage Counter Worker | 2 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४२,३३६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Fast Food Maker | 1 | 0 | | 1200 | ४२,३३६ | | | | | | | |

२. कम्पनी: YAMAM COMPANY TO OPERATE RESTAURANTS शहर: RIYADH

पूर्व स्वीकृत मिति:२०७९/०७/०२ चलानी नं.:६०१८९७७५ L.T. No.: 273968

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Kitchen Worker | 6 | 0 | स. काममा दक्ष | 1200 | ३६,४०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ कार्तिक १८, १९ र २० गते (4,5, & 6 November 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | रु. १०,०००/- रोजगार दाताले |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अधि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अधि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**फेमस ह्युमन रिसोर्सेज प्रा. लि.**
श्रम इजाजत नं. ५४५/०६१/०६२
सिनामंगल-९, भत्केकोपुल नजिकै काठमाडौं, नेपाल, फोन: ४११६६५९, ४११६६६०
Email: info@famoushr.com, famoushr545@gmail.com



# साउदीमा रोजगार

कम्पनी: HERFY CONSTRUCTION AND BUILDING COMPANY
शहर: RIYADH

पूर्व स्वीकृत मितिः २०७८/१०/२१ चलानी नं.: ६०१७४०४१ L.T. No.: 247255 पुन: विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factor | 22 | 0 | स. काममा दक्ष | 1000 | ३५,२८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी: SAUDI MODERN AGRICULTURE COMPANY शहर: RIYADH

पूर्व स्वीकृत मितिः २०७८/१२/०६ चलानी नं.: ६०१७६१८४ L.T. No.: 259901 पुन: विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factor | 1 | 0 | स. काममा दक्ष | 1000 | ३५,२८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ कार्तिक ११ गते (28 October 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अधि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अधि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**Yatra H.R. Solution Pvt. Ltd.**
Gov. Lic No. 1096/073/074
Gaurighat-7, Kathmandu, Tel: 4114682, 4114683
E-mail: yatrahr2017@gmail.com, Web.: www.yatrahrsolution.com

# काठमाडौंमै सयपत्री फूलबाट राम्रो आम्दानी



**काठमाडौं/रासस**-काठमाडौंको नागार्जुनका कृषकले सयपत्री फूलको खेतीबाट राम्रो आम्दानी गर्न थालेका छन्। काठमाडौंको नागार्जुन नगरपालिका-६ पोखरीडाँडाका किसानले तिहारमा अत्यधिक प्रयोग हुने सयपत्री फूल बिक्रीबाट राम्रो आम्दानी गरेका हुन् ।

बाँझो रहेको जग्गाको सदुपयोग गर्दै काठमाडौंको नागार्जुन-६ पोखरीडाँडाका कृषक ऋषि खत्रीले सयपत्री फूलको खेतीबाट वार्षिक रु.एक लाखभन्दा बढी रकम आम्दानी गर्दै आएका छन् । विगत पाँच दशकदेखि फूलको व्यावसायिक खेती गर्दै आएका खत्रीले बाँझो जग्गाको सदुपयोग गर्दै वार्षिक एक लाखदेखि डेढ लाखसम्म आम्दानी गर्दै आएको बताएका छन् । उनले पोखरीडाँडाको २६ आना जग्गामा फूलखेती गर्दै आएका छन् ।

विसं २०१८ मा जन्मिएका खत्रीले सुरुदेखि नै घरमा सयपत्री फूलको खेती हुने गरेको बताए ।

'विगत वर्षमा धेरै मात्रामा फूलको खेती गर्थ्यौं, अहिले जग्गा बिक्री वितरण हुँदा र खेती गर्ने व्यक्ति नहुँदा फूलको खेती घटेको छ', उनले भने । तिहार सुरु हुन केही दिन बाँकी रहे पनि फूल खोज्न भने व्यापारीहरू यतिखेर पोखरीडाँडा जाने गरेका छन् । सोही गाउँमा विगत १२ वर्षदेखि फूल व्यवसायी गर्दै आएकी कान्छी गिरी पनि यतिबेला फूल टिपेर बजारमा पठाउने काममा जुटेकी छन् ।

तिहार सुरु हुन केही दिन बाँकी छँदा नै बजारमा फूलको माग आएकाले फूल टिपेर बिक्री वितरण गर्न सुरु गरेको बताइन्। कान्छी गिरीले भने पोखरीडाँडाको एक रोपनी क्षेत्रफलमा फूलखेती गर्दै आएकी छन् ।

उनले फूल बेचेर घरखर्च चलाउँदै आएको बताइन् । सोही गाउँमा मकै, कोदो, तरकारी उत्पादन हुने भए पनि त्यहाँका स्थानीयवासीले फूल व्यवसायलाई नै प्राथमिकता दिँदै आएका छन् । कान्छी गिरीले भने वार्षिक फूल बिक्रीबाट रु ३० हजारदेखि ५० हजार आम्दानी गर्दै आएको सुनाइन् ।

'आफैं बजारमा लगेर बेच्न पाए राम्रो आम्दानी हुन्थ्यो, घरमा आएका व्यापारीलाई बेच्दा राम्रो भाउ पाइँदैन' उनले भनिन् । उनले एक ढ्वाङ (चारपाथीको टिन) को रु पाँच सयमा बिक्री वितरण गर्दै आएको सुनाइन्। बजारमा फूल पुर्‍याउन सके एक ढ्वाङको रु एक हजारदेखि रु एक हजार पाँच सयसम्म आम्दानी हुने उनको भनाइ छ । साउनमा बेर्ना सारेपछि तिहारमा ढकमक्क फूल्ने सयपत्री फूल यसपालि भने राम्रोसँग फुल्न पाएको छैन। एकातिर तिहार चाँडो पर्नु र अर्कातिर दसैंको समयमा भारी वर्षा हुँदा राम्रोसँग फूल फुल्न नपाएको किसान बताउँछन् ।

यतिबेला नागार्जुन नगरपालिकाको इचंगु, भैरवनाथ, पोखरीडाँडा, हवलदार बस्ती, भीरकोट, रामकोट, थाप्लेलगायतका स्थानमा फूल ढकमक्क फूलेको देख्न सकिन्छ । सोही स्थानमा दुई रोपनी क्षेत्रफलमा फूलखेती गरेका ठूलोभाइ गिरी चाडपर्व चाँडो परेको कारण फूल राम्रोसँग फुलिनसकेको बताउँछन् । सोही क्षेत्रमा फुल्ने फूलहरु विशेष गरेर काठमाडौंको असन, इन्द्रचोकलगायतका स्थानमा बिक्री वितरण हुँदै आएको छ । नेपालमा तिहारको समयमा सयपत्रीको माला बढी प्रयोग हुन्छ। तिहारमा दिदीबहिनीले टीका लगाइदिँदा सप्तरङ्गी टीकासँगै मखमली, सयपत्री र गोदावरीको माला लगाइदिने प्रचलन रहिआएको छ ।

तिहारमा लक्ष्मीपूजा, कुकुर, गाई, गोरुको पूजा गर्दा पनि सयपत्री फूलको प्रयोग हुन्छ। आजभोलि तिहारको समयमा घर कार्यालय सजाउनका लागि सयपत्रीको फूलको माला प्रयोग गरिन्छ ।

# आधुनिक उपकरणले कृषिकार्यमा सहज

**दोधारा चाँदनी/मस**-कञ्चनपुर स्थित कृष्णपुर नगरपालिकाका कृतिमान डगौँरालाई पहिला खेतीपाती गर्दा धेरै समय र व्यतित गर्नुपर्थ्यो तर अहिले आधुनिक उपकरण आएपछि उनलाई सहज भएको छ । 'अहिले त मेसिनको सहायताले एक बिघा जग्गाको धान एक दिनमा काट्न सकिन्छ' उनले भने,'कृषि कार्य गर्न आधुनिक उपकरण आएपछि पैसा र समयको बचत भएको छ।' परम्परागत हल गोरुबाट खेतीपाती गर्दै आएका उनले मजदूरको अभाव हुनाका साथै समय र मेहनत धेरै लाग्ने गरेको बताए ।

अहिले यहाँका किसानले खेतबारी जोताउन पावर टिलर, हाते ट्र्याक्टर, धान रोपाइँ गर्नेदेखि बाली भित्र्याउनसमेत कृषि उपकरणकै प्रयोग गर्न थालेका छन्। 'उतिबेला मजदूर खोजेर धान कटाउन महिनौ लाग्थ्यो अहिले त्यस्तो छैन ।' डगौराले विगत सम्झिँदै भने, 'त्यो बेलाको कडा मेहनत हेर्दा त अहिले खेतीपाती गर्न निकै सहज भएको छ ।'

उपकरण भएपछि शरीरलाई पनि थकान महसुस नहुने र एक घण्टामै धान गहुँ सबै काट्नसक्ने अर्का किसान रामलाल चौधरीले बताए ।

'अहिले त जमाना कहाँ पुगिसक्यो पहिला बिहानदेखि बेलुकीसम्म खेतमा काम गर्नुपथ्यो' उनले भने, 'विगतमा सबैको घरमा हलगोरु हुन्थे अहिले सबैको घर-घरमा खेत जोत्ने, धान काट्ने मेसिन छन् ।' 'मेसिन आएपछि त मजदूर लगाउनु परेन गोरु पाल्नु परेन फाइदै फाइदा छ नि', चौधरीले भने, 'आधुनिक यन्त्र गाउँ पुगेपछि हामीलाई निकै सहज भएको छ।' सरकारले पनि कृषिमा आधुनिकीकरण गर्ने लक्ष्य अनुरुप प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजनामार्फत किसानलाई कृषि कार्यका लागि आधुनिक उपकरण अनुदानमा दिने गरिएको छ ।



कृषि कार्यमा यन्त्रउपकरणको प्रयोगले उत्पादन पनि बढेको कृषि ज्ञान केन्द्रका कृषि अधिकृत हरिदत्त जोशीले बताए। 'मेसिनको प्रयोगले खनजोत गर्दा माटो खुकुलो हुने, मलखाद मिसिने, जमिन बराबर गरेर जोतिने भएकाले तत्पादन वृद्धि हुन्छ' उनले भने, 'अर्को फाइदा मजदूरको लागत घट्ने र समयको बचत हुने भयो।' अधिकृत जोशीले पछिल्लो समय कृषि कार्यमा ९५ प्रतिशत यन्त्रउपकरण प्रयोग हुने गरेको जानकारी दिए । मुख्यमन्त्री कृषि कार्यक्रम र प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजनामार्फत किसानको माग अनुसार पावर टिलर लगायतका कृषियन्त्र अनुदानमा किसानलाई उपलब्ध हुँदै आएको छ ।


**म्यागङ गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**देउराली, नुवाकोट**

**बागमती प्रदेश म्यागङ गाउँपालीका सिमाना भएर बग्ने भाराङभुरुङ र थोपल खोलाको बगर क्षेत्रबाट ढुंगा, गिट्टी र बालुवाको दिगो सङ्कलन/उत्खनन् कार्यको लागी प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सुचना**

**(प्रथम पटक प्रकाशित मितिः २०७९/०७/०४)**

बागमती प्रदेश, नुवाकोट जिल्ला, म्यागङ गाउँपालिकामा म्यागङ गाउँपालिकाद्धारा गाउँपालिका भएर बग्ने निम्न खोलाहरुको बगर क्षेत्रबाट ढुंगा, गिट्टी र बालुवाको दिगो सङ्कलन/उत्खनन् कार्य गर्न प्रस्ताव कार्यन्वयन गर्न लागिएको छ ।

| प्रस्तावकको नाम तथा ठेगाना | प्रस्तावको व्यहोरा | प्रभाव पर्नसक्ने जिल्ला न.पा/गा.पा र वडाहरु |
|---|---|---|
| म्यागङ गाउँपालीका, गाउँ कार्यपालीकाको कार्यालय, म्यागङ–३, देउराली, नुवाकोट | म्यागङ गाउँपालीका सिमाना भएर बग्ने भाराङभुरुङ खोलाको बगर क्षेत्रबाट ढुंगा, गिट्टी र बालुवाको दिगो सङ्कलन/उत्खनन् कार्यको लागी प्रारम्भिक वातावरणीय परिक्षण | नुवाकोट जिल्ला, म्यागङ गाउँपालिका वडा न ५ र ६ |
| | म्यागङ गाउँपालीका भएर बग्ने थोपल खोलाको बगर क्षेत्रवाट ढुङ्गा, गिट्टी, वालुवा संकलन तथा उत्खनन् कार्यका लागि प्रारम्भिक वातावरणीय परीक्षण | नुवाकोट जिल्ला, म्यागङ गाउँपालिका वडा न ५ र ६ |

उपरोक्त प्रस्तावको प्रारम्भिक वातावरणीय परिक्षण अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, आर्थिक प्रणाली तथा सांस्कृतिक प्रणालीबिच के कस्ता प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको गा.पा तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाल व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सुचना प्रकाशित भएको मितिले ७ दिनभित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनुहुन अनुरोध गरिन्छ ।

**राय सुझावका लागी पत्राचार गर्नुपर्ने ठेगानाः**
१. म्यागङ गाउँपालीका, गाउँ कार्यपालीकाको कार्यालय, म्यागङ–३, देउराली, नुवाकोट
२. २. रियल इम्प्याक्ट डिजाइन सोलुसन इन्जिनियरिङ कन्सल्टेन्सी प्रा. लि., ब्यास-१०, तनहु
फोन न. ९८६९०५४२४२



**म्यागङ गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**देउराली, नुवाकोट**

**सिमभन्ज्यङ-देउराली-म्यागङ सडक (२० कि.मि) निर्माण आयोजनाको प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सुचना**

**(प्रथम पटक प्रकाशित मितिः २०७९/०७/०४)**

बागमती प्रदेश, नुवाकोट जिल्ला, म्यागङ गाउँपालिका वडा न ३ मा म्यागङ गाउँपालिकाद्धारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| **प्रस्तावकको नाम तथा ठेगाना** | म्यागङ गाउँपालीका, गाउँ कार्यपालीकाको कार्यालय, म्यागङ–३, देउराली, नुवाकोट |
| **प्रस्तावको व्यहोरा** | सिमभन्ज्यङ-देउराली-म्यागङ सडक (२० कि.मि) दायाँबायाँ क्षेत्रको ढुङ्ग, गिट्टी र ग्रभेलको दिगो सङ्कलन/उत्खनन कार्यको लागि प्रारम्भिक वातावरणीय परीक्षण |
| **प्रभाव पर्नसक्ने जिल्ला न.पा/गा.पा र वडाहरु** | नुवाकोट जिल्ला, म्यागङ गाउँपालिका वडा न ३ |

उपरोक्त प्रस्तावको प्रारम्भिक वातावरणीय परिक्षण अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, आर्थिक प्रणाली तथा सांस्कृतिक प्रणालीबिच के कस्ता प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको गा.पा तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाल व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सुचना प्रकाशित भएको मितिले ७ दिनभित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनुहुन अनुरोध गरिन्छ ।

**राय सुझावका लागी पत्राचार गर्नुपर्ने ठेगानाः**
१. म्यागङ गाउँपालीका, गाउँ कार्यपालीकाको कार्यालय, म्यागङ–३, देउराली, नुवाकोट
२. रियल इम्प्याक्ट डिजाइन सोलुसन इन्जिनियरिङ कन्सल्टेन्सी प्रा. लि., ब्यास-१०, तनहु,
फोन न. ९८६९०५४२४२



**टेम्केमैयुङ गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**अन्नपूर्ण भोजपुर**
**प्रदेश नं. १, नेपाल**

**विद्युतिय बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**सूचना प्रकाशन मितिः- २०७९/०७/०४**

यस गाउँ कार्यपालिकाको कार्यालयबाट मिति २०७९/०५/२८ गतेको हिमालय टाइम्स राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार टेम्केमैयुङ गाउँपालिकाका विभिन्न वडाहरुमा सडक निर्माण कार्यको लागि विद्युतीय बोलपत्र आह्वान भई तोकीएको म्याद भित्र दर्ता हुन आएका बोलपत्रहरुको मूल्याङ्कन समितिको मिति २०७९/०७/०३ गतेको निर्णयानुसार देहाय बमोजिमका विद्युतिय बोलपत्रदाताको बोलपत्र न्यूनतम मूल्याङ्कित सारभुत रुपमा प्रभावग्राही भएको देखिएकाले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ बमोजिम र सोही ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबै विद्युतिय बोलपत्रदाताहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिल**

| क्र.सं. | ठेक्का नं. | कामको विवरण | छनौट भएको विद्युतिय बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक रु. (भ्याट र PS Item समेत) |
|---|---|---|---|---|
| १ | 04/BHO/TRM/ROAD/079/80 | Road Gravel Work from Bankhuwa to Timma Ward Office | विदुर निर्माण सेवा प्रा.लि. टेम्केमैयुङ गा.पा.-०१ | ७७,८०,९७०।२० |
| २ | 05/BHO/TRM/ROAD/079/80 | Annapurna Chhinamakhu Road Construction Work | नाम्छुवा निर्माण सेवा टेम्केमैयुङ गा.पा.-०२ | २१,५२,०४६।५० |
| ३ | 06/BHO/TRM/ROAD/079/80 | Patigaun Kerabari Road Upgrading Work | भिषणहाङ्ग कन्स्ट्रक्सन प्रा.लि. टेम्केमैयुङ गा.पा.-०४ | ६९,१८,२७९।४३ |

**प्रमुख प्रशासकीय अधिकृत**



**कटहरी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**कटहरी,मोरङ्ग**
**प्रदेश नं. १, नेपाल**

**आर्थिक प्रस्ताव खोल्ने सम्बन्धि सूचना**

**(प्रथम पटक प्रकाशित मिति २०७९/०७/०४)**

यस गाँउपालिकाबाट मिति २०७९/०५/२४ गते हिमालय राष्ट्रिय दैनिक पत्रिकामा EGP–II System मार्फत आब्हान गरीएको तपसिल बमोजिमको निर्माण कार्यका लागि पेश भएका बोलपत्रदाताहरुबाट प्राप्त प्राविधिक तथा आर्थिक प्रस्तावहरु मध्ये मिति २०७९/०६/२४ गते खोलिएको बोलपत्रदाताहरुको प्राविधिक प्रस्तावमिति २०७९/०७/०२ गतेको मूल्याङ्कन समितिको बैठकबाट मूल्याङ्कन सम्पन्न भई मिति २०७९/०७/०३ गतको निर्णयले स्वीकृत गरिएको हुँदा तपसिल बमोजिमका बोलपत्रदाताको प्रस्ताव सारभुत रुपमा प्रभावग्राही देखिएकोले सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१(ङ) उपनियम ५ बमोजिम निम्नानुसारको मिति, स्थान र समयमा निजहरुको आर्थिक प्रस्ताव खोलिने भएकोले सम्बन्धित सबैको जानकारीका लागि सूचना प्रकाशित गरिएको छ ।

**आर्थिक प्रस्ताव खोलिने मिति र समयः २०७९/०७/१६ गते बुधवार दिनको २.०० बजे ।**
**स्थानः कटहरी गाउँपालिकाको कार्यालय, कटहरी, मोरङ ।**

| S.N. | IFB Number | Name of Contract | Substantially Respensive Bidders in Technical Bid |
|---|---|---|---|
| 1 | KRM/NCB/W/O2/2079/80 | Upgrading of Katahari Ringroad For Blacktop Construction Work,Katahari-2 | Bir Nirman Sewa, Itahara-01, Morang |

**(रोहीणी आचार्य)**
**प्रमूख प्रशासकीय अधिकृत**

मध्यान्ह
www.madhyanhadaily.com
४ कात्तिक २०७९, शुक्रबार
21 October 2022, Friday

# घरआँगनकै फूलबाट थैली भर्दै गृहिणी

महोत्तरी/मस-दीपावली पर्व सर्वसाधारण गृहिणीलाई आफैँले नसोचेको आर्जनको अवसर बन्दैछ । घरआँगनमा शोभाका लागि लगाइएका फूलका बोटबाटै महोत्तरीका सर्वसाधारण गृहिणीले धेरथोर नगद थैलीमा भर्न पाएका छन् ।



दीपावली (तिहार) पर्व नजिकिएसँगै फूल खोज्ने व्यापारी घरघरै पुग्न थालेपछि महोत्तरी जिल्लाका गाउँ-नगर बस्तीका सर्वसाधारण गृहिणीका लागि आफ्नै घरआँगन र करेसामा शोभाका लागि लगाइएको फूल अतिरिक्त आम्दानीको स्रोत बनेको हो। घरको सौन्दर्य र दैनिक पूजाअर्चनाको उद्देश्यले लगाइएको फूलबाट घरमै आएका व्यापारीले राम्रो रकम दिन थालेपछि यहाँका सर्वसाधारण गृहिणीका थैली अहिले पैसाले खँदिला बनेका छन् ।

'हेर्नोस न, त्यही मठवरिपरि लगाइएको फूल न हो', भङ्गाहा नगरपालिका-४ की गृहिणी गोमादेवी फुँयालले भनिन्, 'हिजो घरमै फूल खोज्न आएका व्यापारीले रु दुई हजारमा दिनोस् भन्दै बैनास्वरुप (पेश्की, सामान किन्दा गरिने बोलकवोल) रु एक हजार दिएर गए ।' तुलसीको मठवरिपरि एकाध जग्गाकै सयपत्री फूलले आफ्नो घरको आवश्यकता टारेर दुई हजार दिने भएपछि फुँयाल अब भने तिहारलक्षित सयपत्री फूलखेती नै गर्ने टुङ्गोमा पुगेकी छन् ।

आफ्नै घरआँगनको फूलले अतिरिक्त आम्दानी दिने भएपछि फुँयालका अन्य छिमेकी गृहिणी महिला पनि अब व्यावसायिकरूपमै फूलखेती गर्ने टुङ्गोमा पुगेका छन् । 'मखमली र सयपत्री फूल खोज्न आउने व्यापारीले मैले भनेकै मूल्यमा फूल लाने टुङ्गो गरेका छन्', आफ्नो आँगन छेउका ५० बोटजति सयपत्री फूलका बोट देखाउँदै सो बस्तीकै अर्की गृहिणी समिता महतोले भनिन्, 'अबचाहिँ बिक्री नै गर्ने गरी फूलखेती गरिन्छ ।' यसपालि तिहार सुरु हुनपूर्व नै आफ्नो घरआँगनमा फुलेको फूलले नसोचेको आम्दानी दिएपछि जिल्लाको उत्तरवर्ती क्षेत्रका गृहिणी महिलाको अब व्यावसायिकरूपमै फूलखेती गर्ने सोच बनेको हो ।

कुनै व्यावसायिक प्रयोजनबिना नै शोभा र चाडपर्वमा आफ्नै आवश्यकताका लागि लगाइएको घरआँगनको मखमली, सयपत्री र गोदावरीसहितका फूलले घरै बसीबसी दुई-चार हजार आम्दानी बनाइदिएको घरायसी काममै ब्यस्त रहने गृहिणी महिलाको भनाइ छ । यसपालि तिहारकै लागि फूल खोज्दै आएका व्यापारी र अरु ग्राहकले आफ्ना ५० वटा जति बोटका सयपत्री फूल लाँदा तीन हजारभन्दा बढी आम्दानी हुने भएको बर्दिवास-२ बारनचौडीकी गायत्री आचार्य बताउँछिन् ।

अहिले तिहार नजिकिएसँगै फूल खोज्ने ग्राहक र व्यापारीको जिल्लाका गाउँ, नगर बस्तीमा लर्को नै देखिने गरेको छ । पर्वविशेषले गर्दा फूल खोज्नेहरूले मोलमोलाइ नगरीकनै राम्रो मूल्य दिएपछि हरेक वर्ष तिहारमा उत्पादन लिने गरी फूल खेती गर्न आफ्नो वरपरका सबैजसो गृहिणी महिला अग्रसर देखिएका बर्दिवास-६ कृष्णपुरकी दीपा राजभण्डारीको भनाइ छ ।

जिल्लामा फूलको व्यावसायिक खेती गरिएको खासै नदेखिए पनि अब यसको सम्भावना बढेको कृषि विज्ञ बताउँछन् । तिहार र छठजस्ता पर्व र सालैभरि आयोजना हुने धार्मिक अनुष्ठान एवं पूजाअर्चनालाई लक्षित गरी यसको व्यावसायिक खेती सुरु गरिए थप एउटा आर्जनको बाटो खुल्ने कृषि ज्ञान केन्द्र महोत्तरी जलेश्वरका प्रमुख तथा वरिष्ठ कृषि अधिकृत डा.रामचन्द्र यादव बताए ।

जिल्लामा १० नगरपालिका र पाँच गाउँपालिकासहित १५ स्थानीय तह रहेका छन् । पछिल्ला पाँच-छ वर्षदेखि बलवा नगरपालिकाको बनौटा, धमौरा र पडौल बस्तीमा भने किसानले व्यावसायिकरूपमै फूलखेती सुरु गरेका छन् । यी बस्तीका फूलखेती गर्ने किसानले पनि जग्गाको अभाव नभए पनि दुई-तीन कट्ठाभन्दा फूल खेतीको क्षेत्रफल बढाउन नसकेका बलवा नगरका प्रमुख रामविजय महतो बताउँछन् ।

नगरपालिका कार्यालय फूलखेती गर्ने किसानलाई बीउ र अन्य प्राविधिक सहयोग गर्न तयार रहेको प्रतिबद्धता जनाउँदै प्रमुख महतोले आउने वर्ष गरिने फूलखेतीबारे समय (सिजनअघि नै)मै कार्यालयमा सम्पर्क गर्न अपिलसमेत गरे ।

बलवा नगरपालिकाका यी बस्तीमा व्यावसायिक फूलखेती गर्ने किसानका घरमै टाढा-टाढाबाट व्यापारी पुग्ने गरेका छन् । यी बस्तीमा उत्पादित फूलको गुणस्तर राम्रो भएकाले यहाँको उत्पादन रोजाइमा पर्ने गरेको व्यापारी बताउँछन् । यी बस्तीमा उत्पादित फूल राजधानी काठमाडौँसहित विभिन्न सहरमा पुऱ्याइने गरिएको वर्षौंदेखि फूल व्यापार गर्दै आएका जनकपुरका व्यापारी सकलदेव मण्डलले बताए ।

बलवाका यी बस्तीको देखासिकीबाट छिमेकको पिपरा, भङ्गाहा, लोहारपट्टी र महोत्तरीसहितका स्थानीय तहका बस्तीमा केही किसानले व्यावसायिक फूलखेती थालेका छन् । पछिल्लोपटक फूलको खेती गर्नेलाई प्राविधिक सहयोग र बीउ संकलनमा सहयोग गर्न जिल्लाका सबै स्थानीय तहलाई अनुरोध गरिने जिल्ला समन्वय समितिको कार्यालय महोत्तरीका प्रमुख सुमनकुमार लाल कर्णको भनाइ छ ।

अहिले फूलखेतीबारे रुचि देखाउनेमा महिलाको सङ्ख्या अधिक छ । फूलखेती गर्न चाहनेलाई प्राविधिक परामर्श र उन्नत बीउ छनोटमा सहयोग गरिने कृषि ज्ञान केन्द्र कार्यालय महोत्तरी जलेश्वरले जनाएको छ । जिल्लामा अहिले करिब १०-१५ बिघा क्षेत्रफलमा मात्र व्यावसायिक फूलखेती हुँदै आएको कार्यालय प्रमुख डा यादवको भनाइ छ ।

## सडक मर्मत नहुँदा खच्चडकै सहारा

**जाजरकोट/मस**-जाजरकोटमा ग्रामीण सडक मर्मत नहुँदा यहाँ दैनिक उपभोग्य सामग्री ढुवानी गर्न खच्चडकै सहरा लिनुपरेको छ । हप्ता दिनसम्म आएको अविरल वर्षाका कारण भारी मात्रामा क्षति भएपछि यहाँका ग्रामीण सडक मर्मत हुन सकेका छैनन् ।

जिल्लाको बारेकोट गाउँपालिका, कुशे गाउँपालिका र जुनिचाँदे गाउँपालिकामा दैनिक उपभोग्य सामग्री ढुवानीमा बढी समस्य देखिएको छ । सडक ठाउँ-ठाउँमा भत्किएका कारण पैदलयात्रा गर्नसमेत मुस्किल हुँदै गएको छ । तत्काल सडक सञ्चालन गर्नका लागि नदीमा पानीको मात्रा कम नभएकाले डोजर लैजान सक्ने अवस्थासमेत नरहेको बताइएको छ । भेरी करिडोरबाट जाजरकोट-जुम्ला जोड्ने सडक, कालिमटी-बारेकोट, खलङ्गा-कुशे सडक र बारेकोट, पश्चिम छेडाबजार जुनिचाँदे जोड्ने सडकमा समेत समस्या आएको छ ।


## कम्पनीको नाम तथा ठेगाना परिवर्तन सम्बन्धी सूचना

श्री कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वरको मिति २०७९/०६/२५ को निर्णयानुसार यस लिब्जु फिल्मस् प्रा.लि. कम्पनी को नाम परिवर्तन गरी उक्त कम्पनीको ऋण, धन, दायित्व आदि परिवर्तित कम्पनी लिब्जु फिल्मस् मिडिया प्रा.लि. (Libju Films Media Pvt. Ltd.) ले सकार्ने ब्यहोर्ने गरी नाम परिवर्तन गर्ने र साबिक रजिष्टर्ड कार्यालयको ठेगाना परिवर्तन गरी काठमाण्डौं जिल्ला, काठमाण्डौं महानगरपालिका वडा नं. २९ मा स्थानान्तरण गर्ने सम्बन्धमा स्वीकृति प्राप्त भएको हुँदा सोही ब्यहोरा सर्बसाधारणको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**लिब्जु फिल्मस् मिडिया प्रा.लि.**
**(Libju Films Media Pvt. Ltd.)**
**(प्रा.लि.नं.: ५४६६१/०६५/०६६)**
**काठमाण्डौं जिल्ला, का.म.न.पा. वडा नं. २९**

## विनर ग्रुप कन्सल्टेन्सी प्राइभेट लिमिटेडको खारेजी (लिक्वीडेशन) सम्बन्धमा हकदावी गर्न आउने बारेमा सूचना

कम्पनी ऐन २०६३ वमोजिम मिति २०७३/०४/२७ मा दर्ता भएका **प्रा.लि.नं. १५३७५०/०७३/०७४** को **विनर ग्रुप कन्सल्टेन्सी प्राइभेट लिमिटेड**लाई खारेजी (लिक्वीडेशन) मा लैजाने कम्पनी ऐन, २०६३ को दफा १२६ वमोजिम मिति: २०७९।०६।०५ गतेको विशेष साधारण सभाले निर्णय गरेकोले यस कम्पनीले तिर्नु व्यहोर्नु पर्ने ऋण, धन एवं कोही कसैको बाँकी वक्यौता लेनदेन आदि भएमा स-प्रमाण सहित हकदावी गर्न यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र लिक्वीडेटरको कार्यालय बबर महल काठमाण्डौमा सम्पर्क राख्न हुन सम्बन्धित सबैको जानारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**लिक्वीडेटर: सरोज दाहाल, इजाजत पत्र नं. ३५३, मो.: ९८५१२११००२**
**इमेल:** saroj.dahal33@gmail.com



## युएईमा रोजगारको अवसर | कम्पनी: SUPERBRIGHT CHOICE CLEANING SERVICES
शहर: UAE

पूर्व स्वीकृत मिति: २०७९/०१/१६ चलानी नं.: ६०१७८७२० LT. No.: 262317 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | CLeaner | 46 | 0 | स. काममा दक्ष | 1000 | ३५,८०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७९ कार्तिक ११ गते (28 october 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**H.R. International Employment Services Pvt. Ltd.**
Creating Opportunities Worldwide.
Gov. Lic No. 247/058/059
**(SCM MANPOWER COMPANY PVT. LTD.)**
G.P.O. Box. No. 8974, CPC 203, Gairidhara-01, Kathmandu, Nepal
Tel:- 01-4521336, 4528508, Mob :- 9819281360, 9841387280, 9804368456, 9815009051, 9801009400
Branch Office Number: 9824386980, 9814934046
Email: hrintl2016@gmail.com / info@hrinter.com, Website: www.hrinter.com



## हिल्सा-सिमिकोट सडक परियोजनाको जनहितमा जारी सन्देश

- सडकमा घरपालुवा चौपायाहरु बेवारिसे अवस्थामा नछोडौं ।
- सडकको दायाँ-बायाँ रुख बिरुवा रोपौं ।
- ढुङ्गा, बालुवा गिट्टी, रड इत्यादी निर्माण सामग्रीहरु सडकपेटीमा नथुपारौं ।
- घर बनाउँदा नेपाल सरकाको मापदण्डअनुसार सडक छोडेर बनाऔं ।
- निर्माण सामग्री बोक्ने ट्याक्टर, टिपर, ट्रकहरुले माटो बालुवा, गिट्टी ढुवानी गर्दा सडकमा झार्दै ढुवानी नगरौं ।
- सडकको दायाँ-बाँयामा क्षति हुनेकुनै पनि काम नगरौं ।
- सडकमा फोहोर मैला दुर्गन्धित हुने कुनै पनि वस्तु नफालौं ।
- सडक, बाटो तपाईं हाम्रो साझा सम्पति हो त्यसैले संरक्षण गरौं ।
- सडक तथा सडक पेटीमा आफ्नो निर्माणजन्य सामाग्री, व्यापारिक तथा व्यवसायिक समाग्री नराखौं ।
- सडकपेटी अतिक्रमण नगरौं ।
- सडक तथा सार्वजनिक स्थलमा सुर्तिजन्य पदार्थ सेवन नगरौं ।
- विकास निर्माण कार्यमा तपाई/हामीले अनावश्यक अवरोध नगरौं ।
- सडकपेटी किनारामा जथाभावी सवारी साधन पार्किङ नगरौं ।
- सडकपेटी किनारामा जथाभावी निर्माण सामाग्री नराखौं ।
- सडकपेटी जथाभावी व्यापार/व्यवसाय नगरौं ।
- सडक निर्माण तथा संरक्षण कार्यमा सहयोग गरौं ।
- मोटरबेल पुलहरुको संरक्षणमा सबैले ध्यान पुराऔं । पुलहरुमा कसैले क्षति पऱ्याउन लागेमा स्थानीय सरोकारवाला वा पूर्वाधार विकास कार्यमा खबर गरौं ।

**हिल्सा-सिमिकोट सडक परियोजना**
**सिमिकोट, हुम्ला**



## MALAYSIA मा रोजगार
कम्पनी: ZETAVEST SDN BHD
शहर: Malaysia, Selangor

पूर्व स्वीकृत मिति: २०७९/०७/०३ चलानी नं.: ६०१८९७७२ LT. No. 274040

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Goods Transportation Workers | 50 | 0 | स. काममा दक्ष | 1500 | ४२,१२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

प्रि-अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौमा हुदैछ ।
अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौमा २०७९ कात्तिक २३ र २४ गते (9 & 10 November 2022) मा हुनेछ ।

कम्पनी: INSPIRED ECO SDN BHD शहर: Malaysia, Johor Bahru
पूर्व स्वीकृत मिति: २०७९/०७/०३ चलानी नं.: ६०१८९७७१ LT. No. 274039

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Workers | 6 | 0 | स. काममा दक्ष | 1500 | ४२,१२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौमा २०७९ कात्तिक १४ गते (31 October 2022) मा हुनेछ ।



## SAUDI मा रोजगारको अवसर
१. कम्पनी: SAHRA STAR EST.
शहर: RIYADH

पूर्व स्वीकृत मिति: २०७९/०२/०३ चलानी नं.: ६०१७९१७२ LT. No.:262931 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factor | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३५,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Plasterer | 1 | 0 | | 1400 | ४९,००० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौमा २०७९ कात्तिक ११ गते (28 October 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझ्ने विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला

**वाईड-स्पेस इन्टरनेशनल प्रा. लि.**
श्रम इजाजत नं. ३८९/०५९/०६०
हार्भेष्टमुन बिल्डिङ 4th Floor, टुकुचा चोक-२, गैरीधारा, काठमाडौं,
फोन: ४४१५५६२, ४००४६५०, ४००४५५०,



## कतारमा रोजगार | कम्पनी : AL SHEFA HOME CARE
शहर: Qatar,DOHA

पूर्व स्वीकृत मिति: २०७९/०४/०८ चलानी नं.: ६०१८३७८५ LT. No.: 267809 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Nurse | 0 | 4 | स. काममा दक्ष | 4200 | १४६,४५४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौमा २०७९ कात्तिक ११ गते (28 October 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**Mobhira Recruitment Consultancy services (P.) Ltd.**
श्रम इजाजत नं. १४६९/०७४/०७५
बुढानिलकण्ठ-६, हात्तिगौडा, चक्रपथ, काठमाडौं, नेपाल, फोन: ०१-४३७८८४२, ४३७८९३६,
मो.: ९८२३६६८१६०, ९८०१०८५६३९
Email: manager@mobhiraservices.com, Web: www.mobhiraservices.com



## SAUDI मा रोजगार | कम्पनी : WAJAHAT AR RIYADH FOR WOODEN INDUSTRIES
शहर : SAUDI

पूर्व स्वीकृत मिति: २०७८/०८/२२ चलानी नं.: ६०१६९९८४ LT. No.: 253009 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 2 | 0 | स. काममा दक्ष | 1000 | ३५,२८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौमा २०७९ कार्तिक ११ गते (28 October 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु.१०,०००।- |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**Rays Recruitment Pvt. Ltd.**
Gov. Lic. No.: 787/065/066
Tokha Road, Mahalaxmi Marg-5 | Bashundhara, Kathmandu, Nepal
P.O. Box: 25046, Tel.: 01-4380343, 01-4388579
E-mail: raysrecruit@gmail.com | Website: www.rays-recruitment.com



## बहराइनमा रोजगारको अवसर | कम्पनी: JEWELS LINE SALON AND SPA
शहर: Bahrain

पूर्व स्वीकृत मिति: २०७२/०४/२७ चलानी नं.: ६०१७८७१२ LT. No.: 262401 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब BD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Beutician | 0 | 1 | स. काममा दक्ष | 150 | ४८,५७१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौमा २०७९ कार्तिक ११ गते (28 October 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**Nice Recruiting Agency Pvt. Ltd.**
श्रम ई. पत्र नं. १०६२/०७३/०७४
Samakhusi-26, Kathmandu, Tel: 4385077, Mob.: 9851183443, 9862804111
E-mail: info@niceagency1062@gmail.com, Website: www.niceagency.com.np



## KUWAIT मा रोजगार | १. कम्पनी: AT DELIVERY CO FOR THE DELIVERY OF CONSUMER ORDERS W.L.L.
शहर: KUWAIT

पूर्व स्वीकृत मिति: २०७९/०१/१२ चलानी नं.: २६१७८५२० LT. No.: 261728 पुनविज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Light Driver | 19 | 0 | स. काममा दक्ष | 135 | ५७,६६१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौमा २०७९ कात्तिक ११ गते (28 October 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**GOLD OVERSEAS PVT. LTD.**
Govt. Lic. No. 1210/073/074
Basundhara Kathmandu, Tel: 5903225, Mob.: 9807979144
Email: goldovs2074@gmail.com, jivanshr5@gmail.com, goverseas12@gmail.com

# प्रकृति संरक्षणमा समन्वय र सहजीकरण आवश्यक : प्रधानमन्त्री

**काठमाडौं / मस**-प्रधानमन्त्री शेरबहादुर देउवाले प्रकृति संरक्षणको क्षेत्रमा काम गर्ने निकायबीच समन्वय र सहजीकरण हुनु अतिआवश्यक रहेको बताएका छन् ।

राष्ट्रिय प्रकृति संरक्षण कोषको ४० औं वार्षिकोत्सवको अवसरमा बिहीबार यहाँ आयोजित कार्यक्रमा उनले जैविक विविधता संरक्षण र जलवायु परिवर्तनको क्षेत्रमा धेरै काम गर्नुपर्ने उल्लेख गर्दै यसबाट नेपाल र नेपालीले धेरै लाभ लिनसक्ने विश्वास व्यक्त गरे । प्रधानमन्त्री देउवाले नेपालको मनोरम हिमशृङ्खला, तराईदेखि हिमालसम्मको भौगोलिक विविधता एवं संस्कृति र यहाँ पाइने वन्यजन्तु तथा चराचुरुङ्गीजस्ता प्रकृतिको गहनाका रुपमा रहेको उल्लेख गर्दै प्रकृति संरक्षण तथा जैविक विविधताको माध्यमबाट नेपालको पर्यटन विकास र समृद्धिको महत्वपूर्ण आधार हुन पुगेको बताए ।



कोषका संरक्षकसमेत रहनुभएका उहाँले नेपालले बाघ संरक्षणको क्षेत्रमा उल्लेखनीय सफलता हासिल गरेको जनाउँदै पछिल्ला वर्षमा नेपालबाट अन्तर्राष्ट्रिय समुदायसामु सकारात्मक सन्देश प्रवाह भएको उल्लेख गरे ।

'सन् २०१० मा बाघको संख्या एक सय २१ लाई दोब्बर बनाएर दुई सय ५० पुर्‍याउने नेपालको अन्तर्राष्ट्रिय प्रतिबद्धता थियो । त्यसमा नेपाललाई अपार सफलता मिलेको छ। अब, हामीले बाघको सङ्ख्या त बढायौं पछिल्ला दिनमा मानव-वन्यजन्तुद्वन्द्व बढिरहेको अवस्थामा यस चुनौतीका बिचमा हामीले असिमित सम्भावना खोज्न जरुरी छ' उनले भने ।

प्रधानमन्त्री देउवाले मुलुकको दिगो विकाससँग प्रकृति र जैविक विविधता संरक्षण प्रत्यक्ष रुपमा जोडिएको उल्लेख गर्दै योसँग जोडिएर संरक्षणसम्बन्धी ठोस् तथा उपलब्धिमूलक कार्यक्रम तर्जुमा गर्न सम्बन्धित निकायलाई निर्देशन दिए ।

उनले कोषले समुदायमा आधारित संरक्षणको अभ्यास गर्दै नयाँ अभ्यास अपनाउन सफल भएको बताउदैं संरक्षण क्षेत्रको व्यवस्थापनमा अन्नपूर्ण संरक्षण क्षेत्रको मोडेल विश्वप्रसिद्ध रहेको धारणा व्यक्त गरे ।

कोषले संरक्षण क्षेत्र व्यवस्थापनमा जनसहभागितामा आधारित संरक्षण र वन्यजन्तुको अध्ययन अनुसन्धानमा पुर्‍याएको योगदान विश्वमै प्रख्यात रहेको बताउदैं उनले नेपालको कूल भू-भागमध्ये संरक्षित क्षेत्रले ओगटेको २३ दशमलव ३९ प्रतिशत भू-भागलाई वृद्धि गर्दै लैजानुपर्ने आवश्यकता औंल्याए ।

कोषले आफ्नो गौरवशाली इतिहासमा सदरचिडियाखानाको व्यवस्थापनमा पुर्‍याएको योगदान स्मरणीय रहेको बताउँदैं उनले यो चिडियाखानालाई संरक्षण शिक्षा केन्द्रका रुपमा राख्दै भक्तपुरको सूर्यविनायकलाई अन्तर ाष्ट्रियस्तरको प्राणी उद्यानमा विकास गर्नेगरी कार्य भइरहेकामा यसलाई तदारुपताकासाथ अघि बढाउन निर्देशन दिए ।

कोषले जलवायु परिवर्तनको क्षेत्रमा जलवायु वित्त संयन्त्रमा प्रवेश गरी यस क्षेत्रको हरित जलवायु कोषको रुपमा मान्यता प्राप्त गरिसकेको सन्दर्भमा सम्बन्धन प्राप्त निकायका रुपमा मुलुकको जलवायु अनुकूलन र न्यूनीकरणका लागि परियोजना भित्र्याउन सहज वातावरण निर्माण भएको उनको भनाइ छ ।

कार्यक्रममा ललितपुर महानगरपालिकाका प्रमुख चिरीबाबु महर्जनले प्रकृति संरक्षण, वन्यजन्तु एवं जैविवि विविधताको प्रवर्द्धनमा कोषले महत्वपूर्ण भूमिका निर्वाह गरेको भन्दै अन्तर निकायबीच समन्वय गरेर प्रकृति संरक्षणको कामलाई प्रभावकारी बनाइनुपर्नेमा जोड दिए ।

कार्यक्रममा पूर्वमन्त्री दीपक ज्ञवाली, वन तथा वातावरण मन्त्रालयका सचिव डा पेमनारायण कँडेल, कोषका अध्यक्ष डा कृष्णप्रसाद आचार्य र सदस्यसचिव शरद अधिकारीलगायतले संरक्षणको क्षेत्रमा नेपालले हासिल गरेको उपलब्धि विश्व समुदायका लागि उदाहरणीय रहेको भन्दै आगामी दिनमा प्रकृति तथा जैविक विविधता सम्पदाको संरक्षणलाई आधुनिक ढङ्गले अघि बढाइनुपर्ने बताए ।

प्रकृति तथा प्राकृतिक सम्पदाको संरक्षण र व्यवस्थापन गर्ने उद्देश्यले विसं २०३९ मा राष्ट्रिय प्रकृति कोष स्थापना गरिएको थियो । अन्नपूर्णलगायत तीन संरक्षित क्षेत्रको व्यवस्थापन कोषबाट हुँदै आएको छ । 'संरक्षणका चार दशकः गौरवमय इतिहास र अबको बाटो' भन्ने नाराका साथ कोषले वार्षिकोत्सव मनाएको हो ।

सो अवसरमा प्रकृति, वन र वन्यजन्तु संरक्षणको क्षेत्रमा उल्लेखनीय योगदान पुर्‍याउने विश्वनाथ उप्रेतीलाई रु एक लाख २५ हजार राशिको कोषको संरक्षक संरक्षण पुरस्कारबाट सम्मान गरिएको छ । पुरस्कृत उप्रेतीलाई प्रधानमन्त्री देउवाले नगदसहित दोसल्ला र कदर-पत्रद्वारा सम्मान गर्नुभएको थियो । कोषले वंयजन्तु संरक्षणमा योगदान पुर्‍याउने विभिन्न निकाय तथा व्यक्तिलाई पनि कदर-पत्रबाट सम्मान गरेको छ ।

# प्राङ्गारिक खेतीमा विज्ञको जोड

**काठमाडौं / मस**-विद्यमान विषादी खेती प्रणालीले जनस्वास्थ्यका साथै माटो, पानीलगायत पर्यावरणीय क्षेत्रमा प्रतिकूल असर पारेकाले प्राङगारिक खेतीमा जोड दिनुपर्ने धारणा व्यक्त गर्नुभएको छ ।



विश्व खाद्य दिवसको अवसरमा खाद्यका लाागि कृषि अभियान, राष्ट्रिय किसान समूह, अनाजलगायतका संस्थामा आबद्ध कृषि विज्ञहरुले राजधानीमा बिहीबार आयोजना गरेको 'जैविक खेतीः खाद्य प्रणालीको पुनरजीवन' विषयक अन्तर्क्रिया कार्यक्रममा सो धारणा व्यक्त गरेका थिए ।

राष्ट्रिय समावेशी आयोगका अध्यक्ष डा.रामकृष्ण तिमल्सिनाले खेतीमा विषादीको प्रयोगबाट आम मानिसको स्वास्थ्यमा प्रतिकूल प्रभाव बढ्दै गएकाले प्राङ्गारिक खेती प्रणालीको विकास अपरिहार्य रहेको बताए । सरकार सम्बद्ध अधिकारीले द्वैध चरित्र देखाएका कारण नेपालमा प्राङ्गारिक खेती हुन नसकेको उनको आरोप थियो । नेपाल कृषि अनुसन्धान परिषद् (नार्क) का वरिष्ठ वैज्ञानिक बालकृष्ण जोशीले तुलनात्मकरुपमा आधुनिक खाद्यन्नबाली भन्दा रैथाने सन्तुलित तथा स्वस्थकर हुने बताए । खाद्यका लागि कृषि अभियानकर्मी प्रमोद दाहालले अहिलको खेती प्रणालीमा रासायनिक विषादीको प्रयोगका कारण बालबालिकाको स्वास्थ्यमासमेत प्रभाव बढ्दै गएको जानकारी दिए । कृषि विभागका उपमहानिर्देक डा.हरिबहादुर केसीले पूर्ण प्राङ्गारिक खेती प्रणालीले खाद्य सुरक्षा र खाद्य सम्प्रभुत्ता कायम हुन नसक्ने भन्दै दुवै खेती प्रणालीलाई अगाडि लैजानुपर्ने बताए ।

कृषि तथा पशुपक्षी विकास मन्त्रालयका सहसचिव सवनम सिवाकोटीले उत्पादन बढाउनुपर्ने चुनौती रहेकाले रासायनिक मल र विषादी प्रयोग पूर्ण प्रतिबन्धभन्दा पनि क्रमिक रुपमा घटाउँदै लैजानुपर्ने बताए ।

राष्ट्रपति विद्यादेवी भण्डारीका प्रमुख स्वकीय सचिव डा.भेषराज अधिकारीले संविधानले खाद्य अधिकारलाई मौलिक हकका रुपमा सुनिश्चित गरे पनि उत्पादन प्रणालीबिना कार्यान्वयन सम्भव नहुने भन्दै उत्पादनमा जोड दिनुपर्ने बताए ।

किसान प्रतिनिधि माधव ढङ्गेलले पढेलेखेकाले नै नेपालको कृषि क्षेत्र ध्वस्त पारेको भन्दै नीति निर्माण तहमा बसेर उनीहरुले द्वैध चरित्र देखाएको आरोप लगाए ।

खाद्यका लागि कृषि अभियानका संयोजक उद्धव अधिकारीले उन्नत खेती प्रणाली र जलवायु परिवर्तनको असर न्यूनीकरणबीच तालमेल सम्भव नहुने भन्दै प्राङ्गारिक कृषि प्रणालीबाट मात्रै जलवायु परिवर्तनको असर न्यूनीकरण हुनसक्ने जिकिर गरे ।

## JAGDULLA HYDROPOWER COMPANY LIMITED
## जगदुल्ला हाईड्रोपावर कम्पनी लिमिटेड

Baneshwor -10, Kathmandu

### Notice of Cancellation Expression of Interest (EOI)

**Date of publication:October 21, 2022**

1. In regard with the Notice to Shortlisted Consulting firms published in National Daily **Gorkhapatra on August 14, 2021,** all the procurement procedures belonging to the below mentioned EOI no is cancelledas per **Public Procurement Rules (PPR) 2064, Rule 70 (8) and VUCL/ JHCL Procurement Rules 2077, Rules 98 (7)** and The JHCL will Re- invite the EOI for the same purpose soon.

| EOI No. | Name of the Services |
|---|---|
| (Contract No. JHCL/JHEP/ CS/ICB/2079-80/01 | Consulting Services for Complete Project Contract Management/Construction Supervision works including Review and Finalization of Detailed Project Report and assistance in Bidding Process. |

2. Further information can be obtained from office of Jagdulla Hydropower Company Limited (JHCL) at Baneshwor -10, Kathmandu (**Contact No. : 01-4479242 or web: www.jhcl.com.np**).

## महाराजगंज नगरपालिका
### नगरकार्यपालिकाको कार्यालय
महाराजगंज, कपिलवस्तु
लुम्बिनी प्रदेश, नेपाल

### बोलपत्र स्वीकृत गर्न आशय सम्बन्धी सूचना ।

**प्रकाशित मिति २०७९/०७/०४**

यस कार्यालयको तपशिल बमोजिम मिति २०७९/०३/३० मा बिद्यूतीय मध्यमबाट निर्माण कार्यका लागी राष्ट्रीय दैनिक पत्रिकामा सार्वजनिक सूचना मार्फत बोलपत्र आव्हान गरिएकोमा रित पुर्वक दर्ता हुन आएका तपशिलमा उल्लेखित बोलपत्रदाताले पेश गरेका दरभाउपत्र न्यूनतम मुल्यांकिंत तथा सारभुत रुपमा प्रभावकारी रहेका भनि बोलपत्र मूल्याकंन समितिबाट सिफरिस भै आएको हुंदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २तथा नगरपालिकाको सार्वजनिक खरिद नियमावली २०७६ को नियम ६३ को प्रयोजनार्थ सम्बन्धितहरुको जानकारीको लागि यो बोलपत्र स्वीकृत गर्न ७(सात) दिने आशय सम्बन्धी सुचना प्रकाशित गरिएको छ ।

**तपसिल**

